# एउटै बर्ष जन्मिएको बासको हिस्सा बन्न पाउँदा हर्षित

म अल्पाईन म्यानेजमेन्ट कलेजमा बि.बि.ए सातौ सेमेस्टरमा अध्ययन गरिरहेकि थिए । बैशाख ८ गते देखि हाम्रो कलेज बन्द भयो र कहिले खुल्ने भन्ने कुनै निश्चित थिएन् । अकस्मात रूपमा आएको कोभिडले हाम्रो कलेज बन्द भएको थियो । मलाई सम्झना छ, कोरोनाको सुरूवातिको समय निकै नै असहज थियो । अवस्था निकैनै त्रासदिपूर्ण थियो । मलाई त्यो समय एकदमै कठिन र पट्यार लाग्दो लागेको थियो । मैले त्यति लामो समय सम्म एउटै बन्द स्थानमा बस्न परेको थिएन । तर समय बित्दै जाँदा मैले आफ्नो रूचिहरू पत्ता लगाउन थाले । मैले आफ्नो परिवार सँग बन्दाबन्दिमा धेरै समय विताएको थिए । एक्लोपनामा हुँदा मैले सिकेको सवैभन्दा महत्वपूर्ण कुरा आफ्नो ख्याल आफै राख्नु र आफ्नो स्वास्थ्यको लागि बढि समय समर्पित गर्नु हो भन्ने बुझे । समयको अभावको कारण होस् या दैनिक जीवनमा आउने धेरै तनावका कारण ब्यक्ति आफैले आफ्नो ख्याल गर्न र आफ्नो स्वास्थ्यको लागि बढि समय खर्च गर्दो रहेनछन् भन्ने कुराको सिकाई भयो ।

कोभिडको त्यो समयमा बिभिन्न समाचारहरू सुन्दा मन साह्रै दुःख्थ्यो र त्राश पनि लाग्थ्यो । विशेष गरि कोभिड महामारिले गर्दा विश्वका विभिन्न कुनाबाट रोजगार गुमाएर नेपाल फर्किएका मानिसहरू जसलाई विहान साँझ हातमुख जोर्न समेत हम्मेहम्मे पर्थ्यो उहाँहरूको त्यो स्थिति देखेर मेरो मन साह्रै दुःख्थ्यो । उहाँहरूले बिदेश हुँदा पठाएको रेमिट्यान्सबाट चलेको मेरो

देशले उहाँहरू आपतमा पर्दा केही पनि सहयोग नगरेको देख्दा खिन्न लाग्थ्यो । स्थानीय सरकारले उहाँहरूका लागि सानो भएपनि केहि सहयोग गरिदिए हुन्थ्यो जस्तो लाग्थ्यो । सरकारले केहि हद सम्म सहयोग गरेपनि पहुँचमा हुने बाहेक अरूले कहि पनि पाएका थिएनन् ।

सानै देखि पढाईमा रूचि भएकाले मैले ब्याचलर पढ्दापढ्दै बाहिर काम गर्छु भन्ने भविष्यको निर्णय कहिल्यै पनि आफ्नो डायरिमा लेखेकि थिइन । पढाइ सकिएपछि मात्रै नौकरी तिर ध्यान दिन्छु भन्ने योजना बनाएकि थिए । तर लकडाउनको समयले मेरो विचारमा परिवर्तनल्यायो । यो समयमा मैले केहि न केहि गर्नुपर्छ भन्ने लाग्यो । ढुङ्गा खोज्दा देउता मिल्यो भनेझै लकडाउन सकिय लगत्तै बास र अकाउन्टाविलिटि ल्याबद्धारा संचालित सुरक्षित बैदेशिक रोजगार सम्बन्धि सिभिक एक्सन टिम परियोजनामा काम गर्ने अवसर पाए । म बासको स्वयं सेवक थिए र बासको इन्सपाईरिङ युथ कार्यक्रममा प्रायः जसो सहभागि हुन्थे । इन्सपाईरिङ युथमा भएका थुप्रै वादविवाद र वक्तृत्वकला प्रतियोगितामा बिजयी हुने अवसर पाएकाले बास परिवारका धेरै जसो सदस्यसँग म परिचित थिए ।

सबैसँग परिचित भएका कारण मैले आफ्नो काम गर्दा कहिल्यै पनि असहज महसुस गरिन । सबै सर, म्याडम, दाई, दिदिहरूले मलाई धेरै कुरा सिकाउनु भयो । विशेष गरि बासमा कार्यरत बैदेशिक रोजगार सम्बन्धि अर्को परियोजनाका सि.एफ.ए लोक बहादुर घर्ति दाईले हाम्रो धेरै कामहरू मिल्ने भएकाले मलाई धेरै कुरा सिकाउनु भयो र मेरो काममा धेरै सहयोग पनि गर्नुभयो । सबै प्रति म निकै नै आभारि छु । परियोजनामा काम गर्दै जाँदा स्वास्थ्य र बैदेशिक रोजगार सम्बन्धि धेरै अनुभव बटुलेकि छु । कोभिड सम्बन्धि पनि धेरै जानकारी पाएकी छु । कोरोनाको महामारिको समयमा अग्रपंक्तिमा खटिएर काम गर्ने स्वास्थ्यकर्मीहरूको अनुभव पनि सुन्ने मौका पाएकि छु । बैदेशिक रोजगारबाट फर्किएका मानिसहरूसँग कोहलपुरमा काम गर्ने अवसर बास र अकाउन्टाविलिटि ल्याब वाट पाएकि छु । बैदेशिक रोजगार देखि फर्किएका मानिसहरूको समस्या, चुनौति बुझेर उहाँहरूको आवाजलाई स्थानीय सरकारसम्म पुर्‍याउन पाउँदा आफ्नो काम प्रति निकै नै खुशि छु । उहाँहरूलाई बैदेशिक रोजगारमा जाँदा सिप सिकेर कम्पनिको बारेमा राम्रोसँग बुझेर मात्र बिदेश जान सल्लाह दिने गरेको छु । स्थानीय सरकारबाट पाउनुपर्ने सेवा सुविधा उहाँहरूले पाउनु भएको छ कि छैन र विनियोजन गरिए अनुसार बजेट खर्च भईरहेको छ कि छैन भने हेर्ने र बुझ्ने अवसर मैले प्राप्त गरेकि छु ।

कोभिड बिरूद्ध अग्रपंक्तिमा खटिएर कोभिडको समयमा काम गर्ने मानिसहरूको आवाजलाई वाहिर ल्याउने लगायतका विषयमा काम गरिरहेकि छु। सानै उमेरमानै समुदायका मानिसहरूको लागि केहि राम्रो काम गर्न पाउँदा म निकै नै हर्षित छु। बास र अकाउन्टाविलिटि ल्याब प्रति आभारि छु। बासले संचालन गर्ने सकरात्मक सोच, तनाव व्यवस्थापन, दिगो विकास, सार्वजनिक सुनुवाई व्यवस्थापन, कार्यक्रम व्यवस्थापन, भाषणकला जस्ता बिभिन्न तालिमहरूमा सहभागि भई आफ्नो व्यक्तित्व विकास गर्ने मौका पाएकि छु। बासमा आए देखि मेरो बोल्ने क्षमतामा पनि विकास भएको छ। अकाउन्टाविलिटि ल्याबले जुम मार्फत दिने तालिमबाट पनि धेरै कुरा सिकेकि छु। मसँगै जन्मिएको वासको एउटा सानो हिस्सा बन्न पाउँदा धेरै खुशि छु। काम सँग-सँगै मैले आफ्नो पढाईलाई पनि अगाडी बढाइ रहेकी छु। मलाइ पढाइको लागि पनि समय प्रदान गरिदिनुभएकोमा बासलाई धन्यवाद दिन्छु। म आफ्नो कामलाई, खुशि साथ आफ्नो सत प्रतिसत दिएर निरन्तरता दिनेछु।

# बासबाट आयो परिवर्तन

यो दुनियामा कुनै पनि स्थायी छैन्
सबै कुरा क्रम अनुसार बद्लिन्छ, सँगै हाम्रा दिनहरू पनि ।
भोली सम्म प्रखिने कोसिस गर, कसलाई के थाहा
भोलि उदाउने सूर्यले के लिएर आउने छ भन्ने कुरा ।
हिउदमा पातहरू झर्‍यो भनेर, रूखहरू कहिल्लै पनि दुःखी हुदैनन्
किनकी रूखलाई थाहा छ यो एक मौसम हो
पातहरू झरेको छैनन्, मौसम बद्लिएको हो भनेर ।
त्यसै गरी मेरो जिवनमा पनि एक मौसम सरि भएको छ ।
बर्दियाको बासगढिबाट म पढाईको शिलसिलामा बाँके जिल्लाको नेपालगन्जमा रहेको भेरी प्राविधिक शिक्षालयमा कम्प्युटर अप्लीकेसन एण्ड सेक्रेटरीयल मेनेजमेन्ट १८ महिने कोर्ष अध्ययन सुरू गरे । १२ महिने अध्ययन सकिए पछि बाँकी ६ महिना ओ.जे.टी गर्नु पर्ने थियो । त्यसै क्रममा हाम्रो सेक्रेटरीयल ट्रेडका सबै साथीहरूको ओ. जे. टीको लागी संघ संस्था, कार्यालयहरूमा तय गरिदिनु भयो ।

२०७५ साल भाद्र १६ गतेका दिन कलेज देखी आ–आफ्नो चिठ्ठी लगेर म र मेरी साथी भगवति के.सी. बास केन्द्रिय कार्यालयमा आयौ । बासमा आएको बेला पहिलो भेट हेमराज भट्ट सरसँग भएको थियो । भट्ट सरलाई हामी आउनुको उद्देश्य सवै भनेर चिठ्ठी दियौं ।

मलाई राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा ओ.जे.टीको लागि कलेजले पठाएको थियो । जसको पत्र मैले दिनुपर्ने थियो तर उक्त महासंघको कार्यालय पहिले भएको स्थान भन्दा फरक ठाउँमा सरेको हुनाले मलाई त्यस संस्थामा जान मनले मानेन् ।

म दोमन भए त्यस बखत भट्ट सरले भन्नु भयो तपाईंलाई यहिँ ओ.जे.टी गर्न इच्छा छ भने यहि गर्नु भने पछि मेरो लागि ढुंङ्गा खोज्दा देउता भेटे झै भयो । म खुसी भएर पूनः कलेज गएर बास संस्थाको लागी एक चिठ्ठी तयार गर्न लगाई बुझाए ।

२०७५ साल भाद्र १७ गतेका दिन देखी म र मेरी साथी भगवती के.सी बास केन्द्रिय कार्यालयमा ओजिटिको रूपमा काम शुरू गर्यौं । ओ.जे.टी को पहिलो दिन त हाम्रो परिचयको क्रम र लाईब्रेरी कोठा अवलोकन गर्ने काम भयो । दोस्रो दिन देखी कामको जिम्मेवारी तिर लाग्यौ । बास कार्यालयका सम्पुर्ण कर्मचारीहरू, पदाधिकारीहरू अत्यन्तै सहयोगी र मिलनसार स्वभावको पाएँ । त्यसबाट म निकै नै प्रभावित भए । जसबाट काम गर्नमा पनि सहजता प्राप्त भयो । यति मात्र नभएर यहाँ कर्मचारीहरू, स्वंमसेवकहरूको क्षमता अभिवृद्धि होस् भन्ने हेतुले विभिन्न प्रकारका तालिमहरू प्रदान गरिदो रहेछ । ओ.जे.टी कै क्रममा मैले विभिन्न अवसरहरू प्राप्त गर्ने मौका पाएँ । यस कार्यालयको विशेषता के छ भने हरेक विहानी कर्मचारी विच नियमित बैठकबाट सुरू हुने रहेछ । सवैले आ-आफ्नो अघिल्लो दिनमा गरेका काम बारे जानकारी गराउनु पर्ने र उक्त दिनमा गरिने कामको योजना बारे जानकारी गराउनु पर्ने रहेछ । त्यसै क्रममा मेरो पालो आउँदा आफुले गरेका कामहरू भन्न सक्दैन्थ्ये, मलाई बोल्दा धेरै डर लाग्थ्यो । त्यो समयमा मेरो मुटुको धड्कन आफै बढ्थ्यो दर भन्न खोजेको कुरा आफुले गरेको काम सबै बिर्सिहाल्थे र अन्त्यमा हाँसेर नै आफ्नो डर हटाउथे । यो प्रकृया केही समय सम्म चलिरहयो । नियमित हुने बिहानी बैठकबाट नै आफुमा परिवर्तन आएको पाएँ । पढेको विषय कार्यक्रम व्यावस्थापन भएता पनि कार्यालयको काम, कार्यक्रम व्यावस्थापन गर्दा केही पनि थाहा नभएको महशुस हुन्थ्यो । कलेजमा पढेको र सिकेको भन्दा पनि यस कार्यालयमा आएर काम सिक्ने मौका पाएँ । काम गर्दै मेरो ६ महिनाको ओ.जे.टी. को अवधि पनि सकिएको पत्तै भएन । लगतै मैले पढाई सँग-सँगै बासमा स्वयम सेवकको पदमा रहेर काम गर्दा मैले संस्थाका विभिन्न क्रियाकलाप तथा गतिविधिमा सहभागी हुने अवसर प्राप्त गरे । बासले मलाई कर्मचारीको रूपमा बिभिन्न जिम्मेवारी दियो । यसरी काम गर्न थालेको ३ वर्षको अन्तरालमा धेरै नयाँ अनुभव बटुल्ने मौका पाएकी छु ।

हाल मलाई संस्थाले जिल्ला प्रशासन कार्यलयमा बासद्धारा सञ्चालित हेल्प डेस्कमा सहजकर्ताको पदमा नयाँ जिम्मेवारी दिएको छ । जुन कार्यबाट नयाँ अनुभव बटुल्दै छु । बासले दिएको यो अवसरबाट सिकेका कुरा मेरो जिवनमा पूर्ण रूपमा प्रयोग गर्ने छु र बास सँगको मेरो नाता सदैब रहिरहने छ ।

# बास

# मेरो प्रेरणा

मेरो जन्म २०४३ जेष्ठ २८ गते कपिलबस्तु जिल्लाको तौलिहवा बजारमा भएको थियो । म घरकि कान्छि छोरी थिए । सानै देखि पढाईमा बिशेष रुची भएको र कान्छी छोरी भएकै कारण मेरो परिवारको स्नेहमा थिय । तेति हुदाहुदै मेरो भाग्यमा आमा रहिनछ र त म जम्मा ३ महिनाको हुदा आमाको निधन भयो । त्यस पछि मातृत्वको अभाव भोग्नु पर्‍यो । आमाको मायाको कमि नहोस भनेरै होला बुवाले मलाई औधि माया गर्नु हुन्थ्यो । म हुर्कदै बढ्दै गए र मैले आफ्नो पढाइ पनि निरन्तरता दिदै बि एड सम्मको अध्ययन पुरा गरे पश्चात मेरो बिबाह र नयाँ घरमा मैले आएर मैले परिवारसँग मिलेर व्यवसाय गरे । सानै देखिको मेरो मेरो शुसिल आनिबानिले होला सबैसँग मिल्ने, सहयोगि, समाज सेवि भावना थियो । घरकि जेठी बुहारीको रुपमा पनि घरको सबैको प्यारी भय म । अथाह मिहिनेत र परिश्रम गरेरै मैले व्यवसायमा पनि निकै प्रगति भयो । तर मलाई मन देखि समाज सेवामा रुची भएकोले मलाई व्यवसायमा जागर घट्दै गयो र अतः मैले व्यवसाय छोडिदिय । त्यसपछि ९ महिना जति घरकै बाताबरणमा रमाइरहेकी थिय । मनमा समाज सेवा गर्न मन भएर केहि गर्नु पर्छ भन्ने लागेर मेरो वडामा मात्र भय पनि केहि गरौ कि भन्ने सधै लागिरहन्थ्यो । यसै बीचमा मैले मेरो वडा नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १० का वडा अध्यक्ष बिन्दु भुषण बस्नेत सरसँग मेरो सबै कुरा राखे र सरले वडा कार्यालयमा नागरिक सहायेता

कक्षमा एक जना सहजकर्ता आवश्यक भएको कुरा बताउनु भयो । मैले म काम गर्न चाहान्छु भने र काम प्रतिको आफ्नो धेरै रुची भएको कुरा बताय । सरले पनि त्यो कुरा यकदमै सकारात्मक रुपमा लिनु भयो। नागरिक सहायेता कक्ष बास भन्ने संस्थाद्वारा सञ्चालित रहेछ । त्यसैले मेरो व्यक्तिगत विवरण लियर बास कार्यालय जान भन्नु भयो अध्यक्ष सरले सोहिअनुरुप मैले मेरो व्यक्तिगत विवरण र निबेदन बास कार्यालयमा दिए । तेस्को केहि दिन पछि मिति २०७६ श्रावण ३ गते हो मलाइ बास कार्यालयमा गएर नियुक्ति लियर मिति २०७६ कार्तिक ४ गते देखि नेपालगन्ज उपमहानगरपालिका वडा नं. १० मा बसेर नागरिक सहायता कक्षबाट सेवा ग्राहीको विभिन्न समस्यालाई नियाल्दै सेवा भाबमा लागे र आज सम्म बास कार्यालय बाट जुन माया ममता र प्रेरणा दिनु भएको छ तेसको लागि बास परिवार र नमस्कार सर लगाएत सम्पूर्ण टिमलाई धेरै-धेरै धन्यवाद ।

आज हामी नागरिक सहायता कक्षका जति पनि सहजकर्ता छौ सबैलाई बास जुन तालिम दिनु भएको छ त्यो एकदमै सराहनीय छ प्रत्येक हप्ता स्वस्तिक कटेजमा हुने इन्स्पायरिङ्ग युथ कार्यक्रमबाट पनि म धेरै नै प्रभावित भएकि छु । दुख, पिडा, समस्या सबै त्यागेर अगाडी बढ्न पर्दो रहेछ भन्ने कुरा सिक्दै गए । २०७८ बैसाख १ गते नयाँ वर्षको दिन राष्ट्रिय झण्डा दिवशको दिन पनि सहभागी भएर कार्यक्रम हेर्ने मौका पाइयो यसका लागि बास परिवार प्रति हार्दिक नमन । आफुले आफुलाई कमजोर नठानी केही लक्ष्य र उद्देश्यका साथ अगाडी बढ्न पाइयो भने जीवन पक्कै पनि सार्थक हुदो रहेछ भन्ने कुराको उदाहरण बन्न पुगेकी छु भन्ने कुराको महसुस गर्न पाउदा आफुले आफैलाई भाग्य साली ठानेकी छु । मिति २०७६ चैत्र महिना को कुरा हो एकजना गोसाई गाउँको भाई वडा कार्यालयमा नागरिकताको सिफारिस लिनका लागि आएका थिए । मैले त्यो भाईलाई नागरिकता बनाउनको लागि आवश्यक पर्ने सबै कागजात हेर्दा उक्त भाइको जन्म दर्ता रहेनछ भने पछी त्यो भाइले जन्म दर्ता यही हो भनेर कअजयर्या बाट प्राप्त भएको जन्म प्रमाणित कागज दिदै भने र मैले त्यो भाइलाई हजुरको जन्म दर्ता यो होइन भने जन्म दर्ताको प्रक्रिया अगाडी बढाएर जन्म दर्ता बन्यो । नागरिकताको लागि पनि फारम भरिदिय र नागरिकता पनि बने पछी भाई धेरै खुसि हुदै धन्यवाद दिए । मिति २०७६ कार्तिक महिनामा दशैं पश्चात दशैंको बिदा पछीको पहिलो दिन मा १० बजे नै कार्यालय पुग्दा पुग्दै

एकजना पुरुस रुकुमबाट सुत्केरी महिला ल्याएर आउनु भएको रहेछ। उहाँ आफै पनि रुकुमको गाउँपालिकाको सदस्य हुनुहुदो रहेछ। उहाँले आर्थिक सहयोगको लागि मलाई आफु आउँदा आउँदै उपचार गर्दा गर्दै सबै पैसा खर्च सकिएकोले मैले उहाँको सबै कुरा सुनी सके पछी वडामा कोही पनि कर्मचारी नभएकोलेआफुसँग भएको रु १५०० सय रुपिया सापटी भनेर दिए । पैसाको जोहो भए पछि उहाँ खुसि हुनु भयो । यसै गरि मेरो घर नजिकैको एक जना बृद्ध आमालाई बि group संस्थाबाट राहत प्रदान गर्न आमा को नाम देवकी देबी शर्मा भनेर नाम टिपाएर १३००० बराबरको घरायेसी खाने कुरा सामानहरु लिन जानको लागि उक्त आमालाई पठाउदा आमाले आज हाम्रो छिमेकि शोभा नानि नागरिक सहायेतामा काम गरेको हुनाले हामीलाई एती धेरै सेवा गरिन भनेर निकै खुसि हुनुभयो । आगामी दिनमा पनि वडा कार्यालयमा बसेर सेवाग्राहीको सेवा गर्ने मौका प्रदान गर्नु हुनेछ र बास सस्थाबाट पनि अझै धेरै साथ सहयोग र हौसाला प्रदान गर्नु हुनेछ भन्ने अपेक्षा गर्दछु।

# इर्न्टनसीपबाट प्रशासन सहायक

## श्रुती चौधरी

बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका वडा न. ७ मा रहेको सुन्दर गाउँफुलपुरमा मेरो जन्म भयो । मेरो बाल्यकाल गाउँमै बित्यो र १२ कक्षा सम्मको अध्ययन मैले बर्दियामै गरे । सानै देखि सामाजिक काम गर्ने र समाजसेवी बन्ने इच्छा थियो म मा । धेरै मान्छहरूको इच्छा एउटा तर पढ्ने विषय अर्कै हुन्छ । मैले भने मेरो इच्छा अनुसारको क्षेत्रमा काम गर्नका लागि बिएस डब्लु विषय रोजें । रहको बिएस डब्लु अध्ययनको लागि नेपालगन्ज आएँ र ब्राईटल्याण्ड कलेज नेपालगञ्जमा अध्ययन सुरू गरैं ।

बिएस डब्लु अध्ययनको तेश्रो वर्ष ३ महिना इर्न्टनसीप गर्नु पर्ने रहेछ । कलेजले इर्न्टनसीपको लागि विभिन्न संघ संस्थामा पठाउने, बिद्यार्थीहरू आफै पनि चिनेको संघ संस्थामा इर्न्टनसीपका लागि जाने रहेछन्, तर त्यो त्यति उपलब्धिमुलक भएन । हामीले ईन्टर्नशपि गर्ने बेला गैर सरकारी संस्था महासंघ नेपाल बाँके मार्फत इर्न्टनसीपमा पठाउने बारे कलेज र महासंघ बिच सम्झौता भयो । गैसस महासंघ नेपाल मार्फत सबै विद्यार्थीहरू बिभिन्न संस्थामा इर्न्टनसीपको लागि गए ।

मलाइ भने आफ्नो इच्छा अनुसारको संस्था बास नेपालमा काम गर्ने अवसार मिल्यो । २०७६ साल पौष २२ गते देखि म र मेरो साथी अस्मिता सुनारले बासमा इर्न्टनसीप गर्ने अवसर पायौं । त्यसभन्दा पहिले मलाई बासको बारेमा सामान्य

जानकारी थियो । बासको कार्यालयमा गएपछि सबै कर्मचारीहरूसँग परिचय भयो । बासको कार्यालयमा मेरो पहिलो दिन एकदमै खुसीका साथ बित्यो । साथै असल शासन पोष्ट साप्ताहिक पत्रिका मिलाउन पनि सिकियो । दोस्रो दिन भ्रष्टाचार विरूद्ध स्टिकर टाँस्नको लागि विभिन्न सरकारी कार्यालयहरूमा साथीहरूसँगै गयौं । त्यो बेला मेरो बोल्न सक्ने क्षमता थिएन बोल्ने कलाको विकास भएको थिएन, डर महसुस भईरहेको थियो ।

काम गर्दै गर्दा बासको वारेमा धेरै जानकारी हुँदै गयो । हरेक हप्ता युवाहरूलाई नयाँ उर्जा दिने बासको इन्स्पाइरिङ्ग युथ कार्यक्रम सञ्चालन हुँदै आएको थियो । हरेक हप्ता उक्त कार्यक्रममा पनि सहभागि हुँदै गएँ । इन्स्पाइरिङ्ग युथ कार्यक्रममा राष्ट्रिय सुचना आयोगको पुर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा, रमेश प्रसाई, चर्चित नायिका केकी अधिकारी लगायतका विशिष्ठ व्यक्तित्वहरूबाट नयाँनयाँ ज्ञान प्राप्त गर्ने अवसर मिल्यो । इर्न्टनसीपकै क्रममा जानकी गाउँपालिका र नेपालगन्ज उप-महानगरपालिकाको सार्वजनिक सुनुवाईको लागि नागरिक प्रतिवेदन पत्र र बह्रिगमन अभिमत संकलन गर्न बिभिन्न वडाहरूमा जाने अवसर मिल्यो । त्यतिबेला सम्म मेरो मनमा भएको डर बिस्तारै हट्न थालिसकको थियो ।

मेरो इर्न्टनसीपको ३ महिना बितेको पत्तै भएन । इर्न्टनसीपको समय सकिए सँगै कोभिड-१९ ले गर्दा लकडाउन भएपछि म आफ्नो घर बर्दिया गएँ । घरमा ४ महिनाको बसाइ पछि म फेरि नेपालगन्ज फर्के । त्यतिबेला मेरो इर्न्टनसीपको समय सकिसकेको थियो । तर पनि मलाई बासमा काम गर्न मन लागि रहेको थियो । नमस्कार शाह सरसँग सम्पर्क गरेँ र म फेरि बासमा इर्न्टनसीप गर्न थाले । बासका सबै पदाधिकारी तथा कर्मचारीहरूसँग मेरो राम्रो सम्बन्ध भएसकेको थियो ।

बासमा काम गर्दै जाँदा धेरै कुराको बारेमा जानकारी भएको छ । स्वंयमसेवा, स्वंयमसेवकको भुमिकाको वारेमा जानकारी भएको छ । बासमा आबद्ध भएपछि क्षमता अभिवृद्धि, सुशासन, भ्रष्टाचार बिरूद्धको अभियान, सुचनाको हक, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण, कार्यक्रम व्यवस्थापन, नेतृत्व विकास, सकारात्मक सोच तथा सामाजिक जवाफदेहिता सम्बन्धि विभिन्न विषयमा तालिम लिने अवसर मिलेको छ ।

विभिन्न तालिमहरू लिएर उर्जाका साथ काम गर्न पाउँदा आफुमा आत्म विश्वास अभिबृद्धि हुनुका साथै म मा भएको सोचमा परिवर्तन आएको छ भने म मा क्षमता अभिवृद्धि भएको छ । सुरूका दिनमा बोल्न लाज मान्ने म अहिले बोल्न

सक्ने भएको छु । लामो समय स्वयंसेवकको रूपमा इर्न्टनसीप रूपमा काम गरें र बासलाई छोडेन । मेरो लगनसिलता, नियमितता र इमान्दारिताको मुल्याङ्कन गरेर होला मलाई संस्थाले प्रशासन सहायकको रूपमा नियुक्त गरेर काम गर्ने अवसर प्रदान गऱ्यो ।

२०७७ माघ महिनामा म बास केन्द्रिय कार्यालयमा प्रशासन सहायकको रूपमा काम गरिरहेको छु । म बासमा आबद्ध भएको साढे १ बर्ष भइसकेको छ । मलाई लाग्छ मानिस गरेर मात्र केहि सिक्छ त्यसैले म आफ्नो काममा निरन्तरता दिरहेकी छु बासद्वारा अझैंपनि धेरै कुरा सिक्न बाँकि नै छ अपेक्षा छ अझैं धेरै कुरा सिक्ने छु ।

# हेल्प डेस्कबाट व्यक्तित्व बिकास

जीवन एक अनुभवको संगालो हो । अनि जति जीवनमा अनुभव गर्न सक्छौं त्यति धेरै सिकाई पनि हो । मैले एक कृषि सहकारीमा काम गर्थे । कृषि सहकारीमा काम गरेर आफ्नो जिविका चलिरहेको थियो । कृषि सहकारीमा बिहान १० बजे दखि साँझ ६ बजे सम्म फिल्डमा जानु पर्थ्यो यसरी नै दिनहरू बित्दै थिए जे जसो भएपनि सहकारिबाट आफु र घरपरिवारको गुजारा चल्यो र श्रीमानको तलब बच्थ्यो किनभने श्रीमान सशत्र प्रहरी हुनुहुन्थ्यो उहाँको तलब बैंकमा हुन्थ्यो र मेरो अलिकति तलबले घर चलिरहेको थियो र म पनि सन्तुष्टनै थिए तर परिस्थितिले सोचे जस्तो नहुँदो रहेछ कृषि सहकारीमा काम गर्दै गर्दा पनि आफ्नो चाहाना हुदाँहुदै ब्यक्तिगत कारणले गर्दा त्यो सहकारी पनि छोड्नु पर्‍यो र घर मा खाली बस्ने र गाउँघरमा घाँस दाउरा गर्ने गर्नु पर्‍यो । अनि आफुसँग काम गर्नसक्ने क्षमता भएपनि घरमा खाली बस्दा अलि नरमाइलो लाग्दो रहेछ । मेरो दिनचर्या यसरी नै बित्दै थियो । बिहान दिउसो त साथिहरूसँग रमाइलो हुन्थ्यो तर साँझ पख मनमा चिन्ता लाग्थ्यो पढेर पनि केही गर्न सकेको छैन भन्ने कुरा मेरो मनमा खेल्थ्यो । यसरीनै मेरो जीवन बितिरहेको थियो । यहि क्रममा मेरो श्रीमानले डुडुवा गाउँपालिकाले पत्येक वडामा एक जना नागरिक सहायता कक्षको लागि सहजकर्ता खोजेको जानकारी दिनुभयो ।

सोही बमोजिम मैले डुडुवा गाउँपालिका वडानम्वर ४ को नागरिक सहायता कक्षका लागि आवेदन दिएँ । निबेदन पेश गरेको एक हप्ता पछि लिखित परिक्षा संचालन भयो र लिखित परिक्षामा

उतिर्ण भए, अर्न्तवार्ता समेतमा सामेल भए र अर्न्तवार्तामा पनि सफलता हासिल भएको सुचना फोन मार्फत पाएँ । सो खवरले खुशिको सिमानै रहेन ।

यसरी नागरिक सहायता कक्ष सहजकर्ताको रूपमा नियुक्ति भएर २०७७ असार ०८ देखि म सहजकर्ताको रूपमा वडामा खटिएँ ।

डुडुवा गाउँपालिका ४ नम्बर वडामा मधे शिमात्र छन् तिमीलाई गाह्रो हुन्छ होला भनेर श्रीमानले भनेको कुरा मनमा लिदै म वडामा पहिलो दिन पुगेँ । सबैले मलाई स्वागत गर्दै सहयोग गर्नु भयो ।

शुरूमा काम गर्न असहज भएपनि अहिले सहज भएको छ । नागरिक सहायता कक्ष वडामा स्थापना भएपश्चात वडाको सेवा प्रबाहमा सुधार आएको महसुस मलाई भएको छ । वडामा आउने सेवाग्राहीहरूले सहज रूपमा सेवा लिने वातावरण नागरिक सहायता कक्षले बनाएका छ । वडामा आउने सेवाग्राहीहरूलाई उनीहरूको समस्या पहिचान गरी सेवा प्रवाहमा सहज बनाउने कार्य गरेको छ । वडामा आउने सेवाग्राहीहरूलाई छिटो र छरिटो सेवा लिन सहज बनाएको छ हेल्प डेस्कले ।

हेल्प डेस्क मार्फत सेवाग्राहीहरूलाई सहयोग गर्ने कार्य त भएको छ नैं । यस कार्यबाट मेरो व्यक्तित्वल समेत बिकास भएको छ ।

पवित्रा गिरी बुढाथोकी
डुडुवा गाउँपालिका ४ कम्दि

# बास सिकाइ पाठसाला

सुमित्रा बुढाथोकी

मेरो बाल्यकाल राम्रोसँग नै वित्यो । मेरो बुवा शिक्षक भएकाले मेरो पढाइ राम्रो थियो । मैले १२ कक्षा पास गरेर खाली बसेको समयमा नौकरीको खोजी गरिरहेकी थिए । नौकरीको खोजीमा रहेको समयमा हाइवे पोष्ट पत्रिकामा बासले राप्ती सोनारी गाउँपालिकामा नागरिक सहायता कक्ष सञ्चालन गर्न लागेको र सोका लागि कर्मचारी आवश्यक सम्बन्धि सूचना प्रकाशन गरेको थियो । सो पदका लागी मैले पनि आवेदन दिएँ र लिखित र मौखिक परिक्षामा सहभागि भए । परिक्षामा सफल भएर मेरो नाम पनि निस्क्यो । राप्ती सोनारी गाउँपालिका कार्यालयमास्थापना भएको नागरिक सहायता कक्षमा सहजकर्ताको रूपमा काम गर्ने अवसर प्राप्त भयो । मलाई नागरिक सहायता कक्षको बारेमा पहिले पनि सामान्य जानकारी थियो ।

नागरिक सहायता कक्षमा काम गर्दा सुरूका केही दिन असजिलो महसुश भयो । गाउँपालिकामा आउने सेवाग्राहीहरू र पालिकाका कर्मचारीहरू सबै अपरिचित थिए । विस्तारै सबैसँग परिचित हुँदै गएपछि काम गर्न सजिलो हुँदै गयो । नागरिक सहायता कक्षबाट कामको लागि आउने सेवाग्राहीहरूले नबुझ्केको कुरा बुझ्काइदिने समस्या समाधान गर्न सहयोग गर्ने र सहायता प्रदान गर्ने काम गर्नु पर्थ्यो । विस्तारै गाउँपालिका अन्तर्गत रहेका विभिन्न शाखाहरूमा कार्यरत कर्मचारीहरू र जनप्रतिनिधिहरूबाट राम्रो सहयोग पाएँ । नागरिक सहायता कक्षमा काम गर्दै जाँदा गाउँपालिका अर्न्तगतका कर्मचारीहरू र जनप्रतिनिधिहरूसँग

परिचित हुने अवसर मिल्यो भने प्रतिवेदन लेखन, निवेदन लेखन र बिभिन्न फर्मेट तथा फारम भर्न सिक्ने अवसर प्राप्त भयो । नागरिक सहायता कक्षमा काम गर्दै जाँदा धेरै कुराको सिकाइ हुँनुका साथै केहि चुनौति तथा समस्याहरूको सामना समेत गर्नु परिरहेको छ । गाउँपालिकामा आउने सेवाग्राही हरू मध्ये अधिकाँसले थारू भाषा मात्र बोल्ने र बुझ्ने हुदाँ भाषागत समस्या भएपनि म निरन्तर सेवामा अग्रसर रहें ।

काम गर्दै जाँदा केहि विर्सनै नसकिने घटनाहरूको समेत अनुभव भएको छ । एक दिनको कुरा हो एक जना बुढी आमा बाख्राको औषधि पाइन्छ कि भनेर लौरो टेक्दै आउनु भएको थियो । वहाँलाई मैले हात समातेर पशु शाखा सम्म लगेर गए । पशु शाखाको कर्मचारीलाई बाख्राको औषधी लिन आउनु भएको हो भनेर बताइ दिएँ । शाखाका कर्मचारी कति पनि ढिलो नगरिकन औषधी दिएर पठाउनु भयो । आमाले औषधी कहाँ पाइन्छ मलाई केही थाहाँ थिएन तिमिले गर्दा मैले औषधि पाए तिमिलाई धेरै–धेरै धन्यवाद भन्दै घर फर्किनु भयो । मलाई पनि बृद्धबृद्धा आमा बुवालाइ सहयोग गर्दा धेरै नै खुसि लाग्यो । बास मार्फत नागरिक सहायता कक्षमा काम गर्दा धेरै ब्यक्तित्वहरूसँग चिनाजान गर्ने अवसर प्राप्त भयो ।

बासले संचालन गर्ने बिभिन्न किसिमका कार्यक्रम र तालिमहरूमा सहभागि हुने अवसर समेत मैले प्राप्त गरे । कार्यक्रम तथा तालिमबाट मेरो ब्यक्तित्व तथा क्षमता विकास भएको छ । सुरूमा बासको कार्यालयमा प्रतिवेदन छोडेन जाँदा समेत लाज लाग्ने कसैसंग बोल्न समेत डर मान्ने मान्छे म अहिले धेरै मान्छेहरूको भिडमा समेत बोल्न सक्ने भएको छु । बासबाट मैले धेरै कुराहरू सिकेको छु । नागरिक सहायता कक्षमा काम गर्ने जिम्मेवारी दिएकोमा संस्थाप्रति आभारी छु । संस्थाले मलाई दिएको जिम्मेवारी बहन गर्ने क्रममा आगामि दिनमा राम्रो गर्न सकिने सिकाई यस संस्थाले प्रदान गरेको छ । आत्म निर्भर भई आफ्नो परिवार, समाज र राष्ट्रलाई सेवा गर्ने एक कर्तब्य निष्ठा राष्ट्रसेवक बनेर जिम्मेवारी बहन गर्ने योजना बुनेको छु । काम गर्दै जाँदा सिक्ने कुराहरू अझैं धेरै बाँकी छ । बासबाट धेरै कुराहरूको सिकाइ र अनुभव प्राप्त हुने छ धन्यवाद ।

# बास जिवनको अभिन्न अंग हो

आत्म निर्भताले आत्म विश्वास र आत्म सन्तुष्टि दिन्छ । त्यो दिन जुन दिन जीबनको सबैभन्दा महत्वपूर्ण बस्तुको प्राप्ति हुन्छ उक्त प्राप्तीले नै जीवनलाई रङ्गीन बनाउँछ ।

हरेक व्यक्तिको जीवन भोगाईको अनुभव फरक हुन्छ । जीबनमा भोगेका तीता मीठा अनुभवबाट एउटा सुन्दर जीबनको परिकल्पना गर्न सकिन्छ । संसारका हरेक सफल व्यक्तिको सफलताका पछाडि उनीहरूको अनुभव रहेको हुन्छ । म एउटा साधारण परिवारमा जन्मीएर हुर्किएकी छोरी । साधारण परिवार भएपनि मेरा बुवा आमाले छोरा छोरीको पढाईलाई निकै प्राथमिकता दिनुहुन्थ्यो । मलाई हरेक पटक असल, सफल मान्छे बन्नको लागि पढाईनै ठुलो कुरा हो भन्ने महुसुस मेरा बुवा आमाले गराईरहनुहुन्थ्यो । सानै देखि आमा बुवाको हौसला र प्रेरणाले मैले पढाईलाई निरन्तता दिदै अगाडि बढे र कक्षा १ देखि ६ सम्म गाँउकै श्री गणेश बिद्या मन्दिरमा अध्ययन गरे । त्यसपछि कक्षा ७ का लागि म श्री नेपाल राष्ट्रिय माबि शम्भुशरण खैरापुरमाभर्ना भए जहाँबाट मैले कक्षा १२ सम्मको अध्ययन पुरा गरे । पढाईका लागि कहिले पनि मलाई रोकावट भएन त्यसैले म स्नातक तहको अध्ययनका लागि वि.एड.तर्फ बबई बहुमुखी क्याम्पस गुलरियामा भर्ना भइ स्नातक तह पुरा गरे । त्यस पछि म उच्च शिक्षाको अध्ययनका लागि नेपालगन्ज स्थित महेन्द्र बहुमुखि क्याम्पस भर्ना भए र केही समय नेपालगन्जमा नै बसे ।

शिक्षाले ज्ञान त बढाउछ नै काम गर्ने हौसला समेत थप्छ म पढ्दै गर्दा आएका अवसरको पनि सदुपयोग गर्दै २०७०/०७१ मा राधाकृष्ण  थारू उत्थान केन्द्रमा ६ महिना काम गरे काम गर्दै जादा मलाई अर्को अवसर आयो र मेले दिप ज्योति बोडिङ्ग स्कुलमा तिन बर्ष २०७३ देखि ०७५ सम्म अध्यापनको काम गरें। नेपालगंज बसेर उच्च शिक्षाको अध्ययन पुरा गरेपछि म पुनः घर बर्दिया फर्किए । म घर फर्किएपछि लामो समय काम नगरेरै बस्नु पर्‍यो ।

खाली बस्नु मानशिक तथा शारिरिक रूपमा ढिक होईन भन्ने कुरा मैले यो अवधिमा र म्रो सँग अनुभुति गरे । त्यो समय मेरो मनमा धेरै कुराहरू खेलाउदै जान्थे, मनमा धेरै इच्छाहरू हुन्थ्यो कहिले मेरो इच्छाहरू पुरा होलान भन्ने लाग्थ्यो । मैले पहिले पनि काम गरिसकेका कारण मैले केही न केही काम अवश्य गर्छु भन्ने विश्वास म मा थियो । जहाँ इच्छा त्यहाँ उपाय भनेझै बागेश्वरी असल शासन क्लब (बास) को बारेमा कही कुरा सुनेको थिए । नाम सुनेको भएपनि यो बारेमा मलाई केहि थाहा थिएन् । बास भन्ने संस्था नेपालगंजमा छ भनेर थाहा थिएन्, यसको शाखा बर्दियामा पनि छ भन्ने पनि थाहा थिएन् । बि.स. २०७२ को कुरा हो एक दिन मलाई गाउँकै एक जना नैन बहादुर सुनार सरले बासको कार्यक्रम छ जाउँ भनेर बोलाउनु भयो र म गए । त्यहा गएपछि सुशासनको क्षेत्रमा काम गर्ने संस्था हो भन्ने सुनेपछि आबद्ध हुदा र म्रै होला सम्झेर मैले साधारण सदस्यता लिए । साधारण सदस्यता लिएपछि मैले उक्त संस्थाबाट विभिन्न तालिम तथा कार्यक्रमहरूमा सहभागीता जनाए । विस्तारै बासले गर्ने हरेक कार्यक्रम मलाई मन पर्न थाले र संस्थाले गर्ने सार्वजनिक सुनवाई, सांस्कृतिक  कार्यक्रम, सामाजिक परिक्षण, विभिन्न तालिमहरूमा सहभागी हुदै गए । यसरी म नियमित रूपमा संस्थासँगको सामिप्यतामा रहेर काम गर्दा मेरो व्यक्तित्व विकास, क्षमता अभिबृद्धि हुनुका साथै म विभिन्न अभियानहरूमा समेत अग्रसर भएर अगाडी बढ्न थाले ।

शुरूवातमा संस्थाको साधारण सदस्य हुदै बास बर्दिया शाखाको पूर्नगठन हुदा मैले शाखाको उपाअध्यक्षको जिम्मेवारी प्राप्त गरे । शाखाको उपाध्यक्ष भएपछि म मा थप जिम्मेवारी बढ्यो र बासको केन्द्र तथा शाखा मार्फत हुने कार्यक्रमहरूमा सहभागि हुन थाले भने बर्दियामा बासका विभिन्न अभियानहरू सञ्चालन गर्दै अन्य युवाहरूलाई समेत सहभागि गराउन थाले । बास बर्दिया शाखा मार्फत नियमित कार्यक्रम गर्दै गएपछि म बर्दियामा व्यक्तिगत रूपमा समेत परिचित हुदै गए । यसै बिच बासले बर्दियाको गुलरिया नगरपालिकामा नागरिक सहायता कक्ष सञ्चालन गर्ने बिषयमा

कर्मचारी आवेदन आव्हान गरेपछि मैले पनि उक्त पदमा काम गर्नका लागि आवेदन गरे । मैले सुशासनको क्षेत्रमा काम गरेको र अन्य संस्थाहरूमा समेत काम गरेको अनुभनको आधारमा म उक्त पदका लागि छनौट भएर २०७७ पौष १५ गते देखि बासद्वारा सञ्चालित गुलरिया नगरपालिकाको नागारिक सहयता कक्षमा सहजकर्ताको रूपमा काम गरीरहेकीछु ।

नागरिक सहायता कक्ष मेरा लागि नयाँ जिम्मवारी र नयाँ काम थियो जसका कारण शुरूमा मलाई नागरिक सहायता कक्ष बारेमा ज्ञान थिएन । बासले हेल्पडेस्क कार्यक्रम बाँकेका विभिन्न पालिकाहरूमा सञ्चालन गरिरहेका कारण मैले नगरपालिकामा काम कसरी गर्ने भन्ने कुराको जानकारी लिनु आवश्यक भयो । मैले गुलरिया नगर पालिकामा काम शुरू गर्नु भन्दा अगाडी झण्डै दुई दिन नेपालगंज उपमहानगरपालिकाको कार्यालयमा हेल्पडेस्क सहजकर्ताहरूसँग बसेर काम गरे । यसरी २ दिन सम्म हेल्पडेस्कमा बसेर काम गरेपछि मैले अब सबै काम गर्न सक्छु भन्ने आट आयो र म गुलरिया नगरपालिकामा पौष १६ गते देखि काम सञ्चालन गरे । त्यसै क्रममा मलाई बास केन्द्रीय कार्यालयमा नागरिक सहायता कक्षमा कसरी काम गर्ने र के के काम गर्ने भन्ने बिषयमा अभिमुखिकरण गरिएको थियो जसले मलाई झनै सजिलो भएको थियो । मलाई नागारिक सहयता कक्ष मार्फत प्रवाह गर्ने सेवाका बारेमा नेपालगन्ज उप-महानगरपालिकाका सहजकर्ता सिन्धु थर्कत्वा र दिपा चाधरीले निकै राम्रोसँग जानकारी गराउनु भएको थियो ।

यस अघि मैले विभिन्न संघ संस्था तथा बिद्यालयमा अध्ययापन गरेको अनुभव भएपनि सरकारी कार्यालयमा काम गरेको मसँग अनुभन थिएन । सरकारी कार्यालयमा काम गरेको मेरो यो पहिलो अनुभव भएका कारण मेरा लागि हेल्पडेस्क सहजकर्ताको रूपमा काम गरेपछि निकै धेरै कामहरू सिकाई भएका छन् ।सानै देखिको मेरो रूचि सामाजिक सेवा गर्ने थियो अहिले मेरो चाहना हेल्पडेस्कले पुरा गरेको छ । गुलरिया नगरपालिकामा काम गर्दा मलाई आत्म सम्मानसँगै आत्म विश्वास समेत बढेको छ । म आजको दिन सम्म पुग्नुमा बासको देन महत्वपूर्ण छ । बासले मलाई मानिसका अगाडी बोल्न सिकायो, समाजमा कसरी काम गर्ने भन्ने कुरा सिकाएको छ । विगत र बर्तमान सम्झिदा गर्वका साथ भन्छु की म प्रति बासले लगाएको गुन म कहिले पनि बिर्सिने छैन । अहिले त बास मेरो जिवनको एक सबै भन्दा महत्वपूर्ण अभिन्न अंग बनेको छ । मलाई समाजका बारेमा परिचित गराउने र सामाजिक ब्यक्ति बनाउन भूमिका निर्वाह गर्ने बास परिवार प्रति सधै कृतज्ञ रहनेछु ।

पवित्रा शर्मा
गुलरिया नगरपालिका वडा नम्बर १ बर्दिया

# हेल्पडेस्कले फेरियो दैनिकी

बिहान बेलुका साथी भाईसँग फजुल बित्ने गरेको मेरो समय आज भोली नेपालगन्ज उमपहानगरपालिका वडा नम्बर २२ का स्थानीयहरूसँग बिताउन पाउदा म निकै खुशी छु ।

दैनिक रूपमा निकै कम समयको सदुपयोग गरेपनि अधिकांस समय विना काम नै वितिरहेको थियो । घर वरपरका केही पसलहरू र साथिभाईहरूसँग गफ मारेर बस्नु मेरो दैनिकी थियो । दैनिक विना काम समय विताउनुपर्दा कहिले काही मलाई आफ्नै जिवन निकै बोझि भएको महशुष हुन्थ्यो साझँ सोच्थे भोली देखि त जादैन तर भोलीपल्ट आयो उही सेड्युलको निरन्तरता जसले मलाई साच्चिकै भित्रबाट पिडा दिईरहेको थियो ।

दैनिक जसो आफैले आफैलाई खै आज के गरिस भनेर प्रश्न गर्ने र त्यसको जवाफ जहिले पनि शुन्य आउने मेरो जिवनमा २०७७ साल असोज २४ गते वहार जस्तै आयो । उसो त आफ्नो जिवनको बारेमा सोच्न थालेपछि कहि कतै जागीर खुलेको छ की मैले हेर्ने गर्दथे तर आफुलाई अनुकुल पर्ने त्यस्तो काम पाएको थिएन । मैले आफ्नै वडामा बास नेपाल नामक संस्थाले हेल्पडेस्क सहजकर्ताको आवेदन खोलेको छ भन्ने कुरा थाहा पाएपछि त्यो बारेमा वडा

अध्यक्ष र अग्रज दाईहरूलाई सोधे । हेल्पडेस्क सहजकर्ताका लागि आवे दन खुलेको भन्ने पक्का भएपछि मेरो घर नजिक पर्ने र आफनै वडाका व्यक्तिहरूसँग काम गर्नुपर्ने भएकाले यो भन्दा अर्को अवसर आउदैन भन्ने ठानेर मैले भोली पल्ट नै बास के न्द्रीय कायालयमा गएर आवेदन दिए । आवेदन दिएपछि मैले नियमित रूपमा कार्यालयको सम्पर्कमा थिए । आवेदनको समय सिमा सकिएपछि कर्मचारी छनौटको प्रक्रिया गरियो । म पहिलेका दिन सम्झिन्थे अनी सो च्ने म छनौटमा परेन भने फेरी उही दिन आउने होलान नी तर मैले अठोट गरे मैले जसरी पनि नाम निकाल्नु पर्छ नभन्दै उक्त पदमा म छनौट भए ।

मेरो पहिलो जागीरे जिवनको शुरू भएको दिन असोज २४ गते मलाई अझै पनि स्मरणमा छ म त्यो दिन असाध्यै खुसी भएको थिए । त्यो साझँ मैले पाएको जिम्मेवारी राम्रोसँग पुरा गर्नुपर्छ भन्दै आफ्नो योजना समे त तयार गरेको थिए । छनौटमा परे पछि मैले गर्नुपर्ने कामको बारेमा बासले मलाई अभिमुखिकरण गर्‍यो र म वडा कार्यालयमा काम गर्न थाले ।

मैले काम गरेको पहिलो पटक भएपनि आफ्नै वडामा काम गर्नुपर्ने भएकाले शुरूका दिन देखिनै मलाई सबैले निकै माया गर्नुहुन्थ्यो र काममा हौसला दिनुहुन्थ्यो । समय वित्दै गयो मैले वडाले प्रवाह गर्ने सबै कामहरू विस्तारै सिक्दै गए र अहिले मलाई निकै सजिलो भएको छ । सरकारी कार्यालयमा काम नगरेको र अनुभव समेत नभएको कारण अन्यौलतामा परेका बेला वडा कार्यालय र बासबाट नियमित रूपमा प्राप्त भएको सहजीकरण तथा सहयोगबाट आज म यो कामलाई सहज रूपमा जिम्मेवारी निर्वाह गर्ने अवस्थामा पुगे को छु ।

बास नेपालगञ्जद्धारा सञ्चालीत नागरिक सहायता कक्ष (हेल्पडेस्क) मा सहजकर्ताका रूपमा काम गर्दा मलाई प्रत्यक्ष रूपमा स्थानीय नागरिकसँग नियमित रूपमा सहयोग गर्ने अवसर प्रदान गरेको छ । यसबाट मलाई वडा कार्यालयमा हुने कामहरूको बारे मा व्यक्तिगत अनुभव प्राप्त हुनुका साथै वडा बाट सम्पादन हुने कामले मलाई आत्मसन्तुष्टी समेत प्राप्त गरेको छ । कर्मचारीको क्षमता अभिबृद्धीका लागि विभिन्न समयमा बास मार्फत

गरिने तालिम, गोष्ठी तथा बैठकले मेरो व्यक्तिगत क्षमता अभिबृद्धि हुनुका साथ मेरो समग्र व्यक्तित्व विकास भएको छ ।

निश्चित समय क्याम्पसको पढाई र बाकि समय घरमा बस्ने मेरो दैनिकी आज भोली पूर्ण रूपमा फेरिएको छ । मेरो क्याम्पस समय बाहेकको पुरै समय म वडा स्थित सेवाहग्राहीको सहयोगमा वित्ने गरेको छ । वडा कार्यालयमा बसेर विभिन्न निवेदन, सिफारिस लगायतका कामहरू गर्दा मेरो लेखन शैली निखारीएको छ । हिजोका दिनमा दिनभरी विना काम घुमीरहने भन्दै मुखामुख गर्ने छिमे कीहरू आज भोली काम गरिदिउ भन्दै म कहाँ आउने गर्दछन् । अहिले आम वडा बासि तथा आफन्तहरूले मलाई प्रशंसा गर्ने गर्दछन् जसले मलाई काम गर्ने थप उत्प्रेरणा प्रदान गरिरहेको छ । अर्को तर्फ बास परिवारले काम गर्दा थप्ने हौसलाले मलाई थप उत्साह थपेको छ ।

म नेपालगञ्ज स्थित मंगल प्रसाद माविबाट कक्षा १२ उत्तीर्ण गरि हाल स्नातक तहको अध्ययन गरिरहेको छु । हेल्पडेस्क सहजकर्ताको रूपमा काम गरेपछि मैले आफ्नो व्यक्तिगत समयलाई अध्ययन र काममा मात्रै केन्द्रीत गरेको छु । मैले वडा कार्यालयमा काम गरेपछि हाल सम्म झण्डै हजारौं सेवाग्राहीसँग काम गर्न पाउदा ममा ठुलो आत्म विश्वास पैदा भएको छ । सहजकर्ताको रूपमा काम गर्दा मलाई निरन्तर सहयोग तथा उत्प्रेरणा प्रदान गर्ने नेपालगञ्ज उपमहानगरपालिका वडा नं.२२ का वडा अध्यक्ष बिद्याराम बर्मा, सम्पुर्ण जनप्रतिनिधी, वडा सचिव, वडाकाकर्मचारीहरू तथा बास नेपाल नेपालगञ्जको सम्पुर्ण परिवार प्रति धन्यबाद तथा आभार व्यक्त गर्दछु ।

मनिष बर्मा
सहजकर्ता
नागरिक सहायता कक्ष
नेपालगञ्ज उपमहानगरपालिका वडा नं.२२, पुरैनी

# बासको कर्मचारी हुन पाउनु शौभाग्य

गोमा अधिकारी

जिन्दगीमा बिभिन्न खालका तिता मिठा अनुभवहरूको सामना गर्दै अघि बढि रहेको थिए । खालि समय घरमै बसेर बिताइरहेकी थिएँ । कुनै काम पाएपछि गर्ने इच्छा मनमा थियो । जागिरको खोजिमा थिए म । एक दिन बिहानै मेरो मोबाइलमा फोन आयो । एक जना बहिनीले बढैयाताल गाउँपालिका र बास नेपालद्वारा गाउँपालिकामा सञ्चालन हुने नागरिक सहायता कक्षको को लागि १ जना सहजकर्ताको लागि आबेदन खुलेको जानकारी दिनु भयो । आवेदन भर्ने अन्तिम समय भोली पल्ट सम्ममा मात्र थियो । आवेदन दिने कि नदिने भनेर मनमा दोधार भयो र त्यो बहिनीलाई फोन गरेर बुझे । बहिनीले बासका कार्यकारी निर्देशक नमस्कार शाहको नम्वर दिनु भयो । मैले वहाँसँग फोनमा कुरा गरें । वहाँले आवश्यकता बारे जानकारी दिनुभयो । सोही बमोजिम मैले नेपालगन्ज स्थित बासको कार्यालयमा पुगेर आवेदन दिएँ । धेरै क्षमता नभएपनि केही सिक्ने र गर्ने ईच्छा म मा थियो ।

आबेदन दिएको भोलीपल्ट बासको कार्यालयबाट लिखित तथा मौखिक परिक्षा हुने जानकारी प्राप्त भयो । सोही बमोजिम भोली पल्ट लिखित तथा मौखिक परिक्षा भयो । परिक्षा दिएर घर फर्कने क्रममा बाटोमा बिभिन्न कुरा खेलीरहेका थिए । मनमा खुल्दुली लागिरहेको थियो के हुने होला कसो हुने होला भनेर । परिक्षा दिएको केहि दिनपछि मेरो नाम निस्किएको खवर पाएँ । त्यो सूचना पाएको क्षण म मा खुसीको सिमा नै थिएन । धेरै समयको प्रतिक्षा पछि जागिर

पाउँदा खुसी नहुने कुरा पनि भएन । त्यो खुसीको खबर सबैलाई सुनाएँ । पहिले संघ संस्थामा काम गरेको भएपनि त्यो काम भने मेरो लागि नयाँ थियो ।

पालिकाको नागरिक सहायता कक्षमा सहजकर्ताको रूपमा काम गर्नुपर्ने मेरो जिम्मेवारी थियो । चिसोको कारणले गर्दा काम सुरू गर्न २/४ दिन ढिलो भयो । केहिदिनमा नागरिक सहायता कक्षको बिधिवत रूपमा उद्घाटन भयो । उद्घाटन भएको दिन देखि नागरिक सहायता कक्षबाट सेवाग्राहीहरूलाई सहायता प्रदान गर्ने काम सुरू भयो । कार्यालयको भवन एकै ठाउँमा नभएकोले सुरूका दिनमा काम गर्न केहि असहज भयो । विस्तारै सेवाग्राहिहरूले नागरिक सहायता कक्षको वारेमा थाहा पाएपछि कुनै कामको लागि आउने सेवाग्राहीहरू आएर सोधपुछ गर्ने र आवश्यक सहयोग माग्ने गर्न थाल्नु भयो । सेवाग्राहीलाई दिवेदन लेख्ने, बिभिन्न शाखाहरू देखाउन सहयोग गर्ने, फारम भर्न सहयोग गर्ने र अन्य आवश्यक सहयोग गर्ने काम लगायतका कार्यहरू नागरिक सहायता कक्षमार्फत मैले गर्दै आएँ । नागरिक सहायता कक्ष सञ्चालन हुनुपुर्व सेवाग्राहीले कुनै निबेदन लेखे वा कुनै फारम भरे वापत १ सय देखि २ सय सम्म शुल्क तिर्नु पर्ने समस्या थियो । अहिले अहिले त्यो समस्या छैन । गाउँपालिकामा सेवा लिन जाँदा निवेदन लेखिदिए वापत पहिले तिर्दै आएको शुल्क तिर्न नपर्दा सेवाग्राहीहरू खुसी भएको अनुभव गर्न सकिन्छ ।

नागरिक सहायता कक्ष अर्न्तगत बिभिन्न वडाहरूमा जनगुनासो विषयक अर्न्तक्रिया कार्यक्रम गर्नुपर्ने र सो को लागि मान्छेहरू जम्मा गर्नुपर्ने भनेर मन भण्डारी सरले फोन मार्फत जानकारी गराउनु भयो । त्यो कार्यक्रम कसरी गर्ने भनेर चिन्तित भएँ । वडा अध्यक्षहरू र प्रमुख प्रशासकिय अधिकृत सरको सहयोग लिएर ४ वटा कार्यक्रमको तयारी गरे र नेपालगन्जबाट सरहरू आएर कार्यक्रम सफल्ता पुर्वक सम्पन्न भयो ।

बासले आयोजना गर्ने बिभिन्न किसिमका तालिम तथा कार्यक्रममा सहभागि भएर मैले धेरै कुरा सिक्ने अवसर पाएको छु । नागरिक सहायता कक्षमा सहजकर्ताको रूपमा काम गर्ने क्रममा धेरै ब्यक्तिहरूसँग परिचित हुने मौका मिलेको छ । धेरै ब्यक्तिको समस्या समाधान गर्न पाउँदा गर्भ महशुस हुन्छ । यो सुनौलो अवसर प्रदान गरी मेरो व्यक्तित्व विकास र क्षमता विकासका साथै संस्था मार्फत बढैयाताल गाउपालिकामा स्थानीय सेवाग्राहीलाई सेवा प्रदान गर्ने मौकादिने बास आभारी छुँ ।

# बासको सहयात्रामा म

कुरा २०६४/०६५ को हो । म मेरो नागरिकता बनाउनको लागि जिल्ला प्रशासन कार्यालय बाँकेमा गएको थिएँ । पहिलो दिन कागजात नपुगेको भनेपछि म घर फर्किएर आएँ । दोस्रो दिन पुनः मैले सबै कागताज बोकेर जिल्ला प्रशासन कार्यालय पुगेँ । सो दिन पनि विभिन्न वाहनामा मेरो काम हुन सकेन । यसरी सबै कागजात प्राप्त हुँदा समेत नागरिकता नपाउँदा निराश भएँ । म पुन भोली पल्ट फेरी नागरिकताको लागि जिल्ला प्रशासन कार्यालयमा पुगेँ । यसरी लगातार तीन दिनको नरैनापुर देखि नेपालगन्जको यात्राबाट मेरो नागरिकता बन्यो । यसरी म पढे लेखेको मानिसको त नागरिकता बन्न तीन दिन लाग्दो रहेछ भने सर्वसाधारण नागरिकको अवस्था के हुन्छ होला भन्ने सोचेर घर फर्किए ।

यही कुरा एकदिन मैले मेरो छिमेकी दाई मकबुल अहमद मुकेरीलाई सुनाएँ । वहाँले नमस्कार शाहले स्थापना गरे को संस्था बासले भ्रष्टाचार तथा ढिलासुस्ती र अनियमिततको विरूद्धमा काम गर्ने कुरा गर्नु भयो । यसरी म २०७० सालमा संस्थाको बारेमा बुझ्नि सकेपछि साधारण सदस्य बन्न पुगे । संस्थामा आवद्ध भई सकेपछि संस्थाको बारेमा धेरै कुरा जान्ने अवसर पाएँ । यसरी बासले गर्ने हरेका गतिविधिहरू वास्तवित यथार्थ र समाज रूपान्तरणको लागि गर्नु नै पर्दो रहेछ भन्ने मलाई महसुस भयो । काम गर्दै जाँदा संस्थाको उपशाखा विस्तार हुने क्रममा २०७३ सालमा म नरैनापुर उपशाखाको अध्यक्षको रूपमा चयन भएँ ।

केहि अन्तराल पछि, २०७७ साल असोजको महिना थियो । मैले बासबाट नरैनापुर गाउँपालिकामा कार्य गर्ने गरि नागरिक सहायता कक्षको सहजकर्ता पदमा दर्खास्त आव्हान गरेको सूचना प्राप्त गरे । तत्पस्चात मैले आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र र अन्य आवश्यक कागजात सहित सो संस्थामा आवेदन पेश गरे । आवेदन दिएको एक हप्ता पछि लिखित र मौखिक परिक्षा उतिर्ण गरि सहजकर्ता पदमा नियुक्त भएँ ।

नियक्ती प्राप्त गरी सकेपछि म बास केन्द्रीय कार्यालयमा गएँ । कार्यालयबाट मलाई के कसरी काम गर्नु पर्छ र के गर्नु हुँदैन भन्ने बारेमा सरहरूले जानकारी दिनु भयो । यो सबै जानकारी लिए पस्चात म नरैनापुर गाउँपलिकामा हाजिर भएँ । पहिलो दिन अलि अनौठो र खुसी लाग्यो । के गर्ने होला कसरी गर्ने होला भन्ने मलाई अन्यवलता थियो । मनमा डर पनि थियो । तर जे भए पनि विस्तारै काम गर्दै गए पछि सबै सजिलो हुँदै गयो ।

सुरूका दिनहरूमा काम गर्दा निवेदनको ढाँचा र भाषा तथा शैली मिलाउन आउँदनथ्यो तर पछि सबै थाहा सिकदै गएँ । विभिन्न किसिमका निवेदनको बारेमा जानकारी समेत मलाई थिएन भने अर्कोतिर कुन काम कुन शाखाबाट हुन्छ त्यो पनि थाहा थिएन । सेवाग्राही आउँदा कता पठाउने भन्ने समेत मलाई जानकारी सुरूमा थिएन । तर विस्तारै यी सबै कामहरू सिके ।

बासका कार्यकारी निर्देशक नमस्कार शाह मेरा प्रेरणाका स्रोत हुन् । बाहिरबाट नाम सुन्दा त वहाँ देखि डर लाग्छ तर जब वहँसँग भेट हुन्छ एक मित्र जस्तो व्यवहार गर्नुहुन्छ । कामको बारेमा सम्भाउने र बुभाउने वहाँको व्यक्तित्व साह्रै मन पर्छ । त्यसै गरी बासका अन्य सरहरूको व्यवहार तथा बोलीचाली साह्रै मन पर्छ । मलाई बास एक सुसंस्कृत परिवार हो जस्तो महसुस हुन्छ । मेरो हरेक समस्यामा बासले साथ दिएको छ । मलाई अप्ठारो पर्दा बासले धैरे पटक सहयोग गगरेको छ ।

सबै सर तथा म्याडमहरूको सरल व्यवहार मेरो जीवनको उर्जा हो । मेरो पारिवारिक कार्यमममा भएको बसाई होस् नरैनापुरमा भएका विभिन्न कार्यक्रम हुँदा सरहरूसँगको भेटघाट अविस्मरणिय छन् । बास सपरिवारसँग बिभिन्न जाँदाका मिठा पलहरू मैले सँगालेर राखेको छुँ ।

मेरो अनुभव र दृष्टिकोण्का आधारमा बासमा काम गर्ने हरेका कर्मचारीमा एक फरक क्षमता र असल व्यक्तित्व छ । बासका निर्देशक हेमराज भट्ट मेरो लागि असर मार्गदर्शक हुन् । निर्वतमान अध्यक्ष मन भण्डारी एक जीवनको उत्कृष्टाता बोकेका मानिस हुन् । वहाँहरूको जीवनबाट सधैं

मुस्कुराउन सिकेको छुँ । बासका कार्यक्रम संयोजक मेरो तनाव व्यवस्थापनका शुत्र हुन् र मेरो नजिकको दाई जस्तो महसुस वहाँले गराउनु हुन्छ । जनसम्पर्क अधिकृत मुना विष्ट, प्रशासकिय अधिकृत रूपा चौधरी र कार्यक्रम अधिकृत शुद्ध प्रसाद चौधरी अति सरल स्वभावका व्यक्तित्व भएका कारण वहाँहरूबाट धेरै सहयोग सजिलै तरि काले पाउँछुँ । यसरी नाम लिइ रहँदा अर्को छुटाउन नहुने नाम हो श्रुति चौधरी, वहाँको मन्द मस्कानले जस्तो रीस बोकेर आएको मान्छे पनि मुस्कान लिएर फर्कन्छन् । यहाँहरूसँग सिकेको सबै कुराहरूले मेरो जिवनलाई फरक बनाउने सहयोग प्रदान गरेको छ । आशा छ आगामी दिनमा पनि यहाँहरूसँगको सहयात्रा जारी रहने छ ।

- ईब्राहिम खान, नरैनापुर

# अनुभव

म एउटा सामान्य परिवारको छोरी थिए । स्नातक तहको रिजल्ट नआउँदै बुवाको मृत्यु भयो त्यस पश्चात अगाडि पढन पाएन, सोचे जस्तो जिवन जिउन सजिलो थिएन, जिवन जिउना लाई धेरै नै संघर्ष र मेहनत गर्नु पर्छ भन्ने कुरा समय बित्दै जँदा थाहाँ हुँदै गयो । कुनै नयाँ ठाँउमा कार्य गर्नाका लागि धेरै खोजि गरे तर काम गर्नाका लागि हरेक ठाँउमा अनुभव माग्थे र म सँग काम गर्ने कुनै अनुभव थिएन, पछि म स्वास्थ्य बीमामा दर्ता सहयोगीको रूपमा काम गर्ना लागे र त्यसपछि ११ नं वडा कार्यालयको अध्यक्षले मलाई ११ नं वडा कार्यालयमा नागरिकताको फारम भर्ने र निवेदन लेख्ने र पैसा लिने प्रस्ताव राखे र त्यहाँ काम गर्ने मैले एउटा अवसर पाए अनि मैले त्यो प्रस्ताव स्वीकार गरे र मैले ११ नं वडा कार्यालयमा नागरिकताको फारम भर्ने र निवेदन लेख्ने काम गर्न लागे ।

बाससँगको मेरो पहिलो भेट गैसस महासँगमा युवा नेतृत्व विकास तालिमा भएको थियो । म त्यहाँ तालिमा सहभागी भए र त्यो तालिमबाट धेरै कुरा सिक्न पाए, त्यसपछि एकदिन ११ नं वडा कार्यालयमा नागरिक सहायता कक्ष राख्नको लागि सहजकर्ताको आवश्यकता भएकाले बासद्वारा निकालेको विज्ञापन सुचना पाटीबाटा जानकारी प्राप्त भयो र मैले नागरिक सहायता कक्षको बारेमा ११ न. वडा कार्यालयको सचिव सबिता तिवारी मैडम संग सोधे र उहाँले मलाई नागरिक सहायता कक्षको बारेमा सम्पूर्ण जानकारी दिनु भयो र साथै सचिव मैडमले मलाई बास कार्यालयमा

निवेदन दिन का लागि प्रेरित गर्नु भयो, उहाँले दिएको प्रेरणाले मैले बासमा निवेदन दिए र सहजकर्ताको रूपमा काम गर्नाका लागिमा छनौट पनि भए । छनौट भएको कुरा सुन्दा त्यो दिन म धेरै खुसी भए । त्यस पश्चात म बासको कार्यालयमा गए कार्यालयमा रविन्द्र सर र हेमराज सरसँग भेटे, दुवै सरले मलाई बास कार्यालयको बारेमा, बासले के काम गर्छ र नागरिक सहायता कक्षमा के भुमिका निर्वाह गर्नु पर्छ भन्ने विषयमा जानकारी दिनु भयो । मैले सबै कुरा ध्यदिएर सुने र बुझे ।

त्यसको केहि दिन पश्चात २०७७।०८।०१ गते देखि म काम गर्नाका लागि वडा तर्फ लागे, काम गर्दै जादाँ धेरै कुराहरू सिक्ने मौका पाए र अहिले पनि सिखिरहेको छु । बासबाट आयोजित धेरै कार्यक्रममा सहभागी भए, धेरै कुराहरू सिके । म कडा मेहनत र इमानदारी पूर्वक काम गरिरहेको छु र आगामी दिनमा पनि यसरी नै काम गर्नेछु । नागरिक सहायता कक्षमा सहजकर्ताको रूपमा काम गर्दा मनमा हौसला पनि आएका छ कि म काम गर्ना सक्छु । बासद्वारा संचालिच नागरिक सहायता कक्षमा सहजकर्ताको रूपमा काम गर्दा एउटा छुटटै पहिचान भयो, कि म बासको कर्मचारी हु, यो मेरो लागि सबभन्दा ठूलो सफलता हो, साथीहरूले सोध्दा म गर्वले भन्छु कि म बासमा काम गर्छु, यसरी म एउटा राम्रो संस्थामा आवद्ध भई काम गर्ने मौका पाएको मा म धेरै नै खुसी छु,।

# सेवाग्राहीहरूको सेवामा हेल्प डेस्क

स्वस्तिका भट्ट

बर्दियाको सामान्य परिवारकी छोरी म विद्यार्थी जीवनमा व्यस्त हुने गर्थे । सायद जीवन सोचेको जस्तो सजिलो छैन् । जीवनमा धेरै नै सङ्घर्ष गर्नु पर्दो रहेछ सङ्घर्ष गरेरनैं जीवन जीउन सहज हुने रहेछ, सबै मानिसले झै मैले पनि आफु ठूलो व्यक्ति भएको सफल भएको सपना देख्ने गर्थे । म आफ्नै जीवनमा व्यस्त थिएं भनिन्छ नि सपना देख्नु राम्रो हो राम्रो सपना देख्यो भने एकदिन आवश्य पुरा हुने गर्दछ । मानिसले सपना देख्न छोडनु हुँदैन । म लगायत कतिपय मानिसहरू सपना देख्छन् कतिको त पुरा हुन्छ र कतिपयको हुँदैन ।

कक्षा १२ को परिक्षा दिएर घरमा बसीरहेको थिए, म बेरोजगार थिएँ । मलाई एकजना आफन्तले फोन गरेर एक संस्थाले आवश्यकता सम्वन्धि सूचना प्रकाशन गरेको जानकारी दिनुभयो म सोही जानकारी बमोजिम नेपालगञ्ज आएर आवेदन दिएँ । त्यसबेला बास नेपालले नेपालगन्ज उपमहानगरपालिकाको वडा नम्वर १४ मा स्थापना हुन लागेको नागरिक सहायता कक्षका लागि सहजकर्ता आवश्यक भएको सूचना प्रकाशन गरेको थियो । म लिखित तथा मौखिक परिक्षामा उतिर्ण भई काममा खटिएँ । मलाई कामको बारेमा बासका निर्देशक हेमराज भट्टले धेरै कुराहरू सिकाउनुभयो, बास संस्थाको बारेमा भन्नुभयो, बुझाउनु भयो ।

त्यसपछि म हाल सम्म वडामा रहेको नागरिक सहायता कक्षमा कार्यरत छुँ । म पहाड मुलको नागरिक मधेशी, मुस्लिमहरूको बाहुल्यता भएको उक्त वडामा रहेर काम गर्न त्यति सहज त पक्कै छैन तै पनि म लगातार दुई बर्ष देखि कार्यरत छुँ । नागरिक सहायता कक्षमा रहेर मैल सेवाग्राहीहरूलाई बिभिन्न प्रकारका सहायताहरू प्रदान गर्दै आएकोछु । सेवाग्राहीहरूले आफैले गर्न नसक्ने कामहरू मैले गरिदिने गरेको छुँख । सेवाग्राहीहरूलाई आवश्यक पर्ने सबै खालका सहयोगहरू मैले गरिदिंदा वहाँहरू खुसी भएर जानुहुन्छ । जसबाट मलाई आनन्दभुतिको महसुस हुन्छ । वहाहरूको सुन्तुष्ठिनै मेरो सन्तुष्ठि हो जस्तो लागेर म निरिन्तर सेवाग्राहीहरूको सेवामा छु ।

# बास मेरो नयाँ पाठशाला

सुशिला चौधरी

मेरो घर बर्दिया जिल्लाको साविकको धधवार गा.बि.स. वडा नम्वर २ हालको बारबर्दिया नगरपालिका वडा नं. ८ मा पर्छ । सोहि ठाउँमा एक मध्यम वर्गीय परिवारमा दोस्रो सन्तानको रूपमा मेरो जन्म भएको थियो । सानै देखि कम बोल्ने, लजालु, अरूसंग छिट्टै घुलमिल हुन नसक्ने स्वभावको थिएँ म  तर जुन कामको जिम्मेवारी पाउँथे त्यो काम इमान्दारीता पूर्वक ढिलै भए पनि गरेर छोड्ने मेरो सानै देखिको बानी थियो । प्रारम्भिक चरणमा पढाईमा निकै कमजोर थिए । कहिले फेल त कहिले मुस्किलले पास हुन्थे । पछि एकजना छिमेकी काकाको सहयोग, आफ्नो कडा मेहनत र परिश्रमले मेरो पढाईमा प्रगति हुँदै गयो । कक्षा ५ मा पढ्दा एक्कै चोटि दोस्रो स्थान हासिल गर्न सफल भएँ । त्यसपछि मेरो पढाई एकदमै राम्रो हुँदै गयो । प्रविणता प्रमाणपत्र तह सम्मको अध्ययन बर्दियामा नै पुरा गरे । बि.सं. २०७१ सालमा अध्ययनको शिलशिलामा नेपालगन्जमा मेरो प्रवेश भयो । गाउँमा बस्ने, एक सोझो मान्छेको लागि यति ठुलो शहरमा प्रवेश हुनु नितान्त नौलो कुरा थियो ।

अध्ययनकै क्रममा क्याम्पसमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी संगठन (क्रान्तिकारी) मा आबद्ध भए । त्यसपछिका केही दिनहरूमा राजनीतिक नाशा लाग्यो, तर राजनितिको बारेमा खासै बुझेको थिएन् । संगठन भनेको के हो ? यसले के काम गर्छ ? कुन पार्टीको हो ? कुन गुटको हो ? भन्ने केहि कुराको जानकारी म मा थिएन् तर पनि संगठनको नशा लागेको थियो । केहि नयाँ कुरा सिक्ने, अनुभब बटुल्ने, नेतृत्व

र व्यक्तित्व विकास गर्ने, अग्रजहरू संगको सम्बन्ध विस्तार गर्ने मेरो सानै देखिको इच्छा थियो । २०७४ सालमा वि.एड.तीन बर्षे कोर्षको अध्ययन पुरा भईसकेको थियो । त्यति बेला वि.एड.तेस्रो बर्षको फाइनल परिक्षा दिएर खाली बसेको थिए । त्यही समयमा देशमा भएको राजनितिक परिवर्तन र संरचनाले देशमा प्रतिनिधि सभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन हुने तयारीमा थियो । नेपाल अधिराज्य भरि म्यादी प्रहरीको भर्ना आवेदन खुलेको थियो । खाली समयको सदुपयोग गरौँ भन्ने उद्देश्यले मैले पनि आवेदन दिए र सफल भएँ । २०७४ कार्तिक १२ देखि पुष ६ गते सम्म म्यादी प्रहरीको रूपमा काम गरेँ ।

त्यसपछि ३ महिना सुरक्षा होम सेवा भन्ने संस्थामा बजार प्रतिनिधिको रूपमा काम गरें । त्यस संस्थामा सिलिन्डर ग्यासको प्रयोग गर्ने तरिका सिकाउने र पाइप, रेगुलेटर, चुलो, लाइटर बेच्ने काम गर्नुपर्थ्यो । त्यसपछि काम गर्न छोडेर लोकसेवा आयोगको तयारी गर्न थाले । आयोगको परिक्षा दिएर म फेरि खाली भए । म फेरी नौकरीको खोजी गर्न थाले । मेरो पहिले देखिको योजना सानो भएपनि नौकरी गर्ने, लोकसेवा तयारी गर्ने र सरकारी सेवा गर्ने लक्ष्य थियो । त्यो समयममा आफूले चिने जानेको सबैलाई अनुरोध गर्दै हिड्थे, मेरो लागि नौकरीर खो जी दिनु भनेर हात जोड्दै हिड्ने गर्थें । एकदिन अचानक साथी प्रितम चौधरीले फोन गरेर एउटा राम्रो ठाँउमा राम्रो तलब भएको नौकरीको लागि आबेदन खुलेको छ भनेर खवर गरिन् । उनले भने अनुसार उनीसँग संगै गएर orien's company मा आवेदन दिए । नौकरीको खोजीमा म भार तको लाखीमपुर सम्म पुगे । मल्टीलेबल marketing मा काम गर्न सुरू गरे । काम गर्नका लागि केही रकम बराबरको सामान खरिद गरि बिक्री गर्नुपर्ने र जति धेरै सदस्य बनाउन सकियो त्यति नै बढि आम्दानी हुने, लोभ देखाइयो । त्यही लोभमा परेर नेपाली एक लाख रूपियाँ जम्मा गरी त्यही एक लाख बराबरको सामान खरिद गरी काम गर्न सुरू गरे । तर काम गर्न त्यति सजिलो थिएन, कम्पनी भारतमा रहे पनि काम चाहि नेपालमै गर्नुपर्ने थियो । यस कामबाट कुनै पनि लाभ प्राप्त गर्न सकिएन र काम गर्न छोडें ।

वि.स.२०७५ साल माघ २० गतेका दिन प्रितमले एउटा संस्थामा मेरो साथीले फर्म भर्न बोलाएकी छिनसँगै जाउ भनिन् । अनि मैले सहजै हुन्छ भने, कुन संस्था हो, संस्थाले के काम गर्छ मलाई केहि थाहा थिएन् र सोध्न पनि सोधिन । प्रितमसंगै उनकै साइकलमा बसेर गए । बाटोमा मेरो मोबाइल पनि हरायो । संस्थामा पुग्दा थाहा भयो बास नेपाल रहेछ भनेर । संस्थामा गएपछि रूपा चौधरी प्रितमको साथी भएको कुरा थाहा भयो । कार्यालय भित्र प्रवेश गर्दा मलाइ कुनै राम्रो घरमा पुगे जस्तै महुसुस

भयो । शान्त, सफा, चिटिक्क परेको कार्यालय थियो बासको । त्यस अघि यस्तो संस्था वा कुनै पनि कार्यालयमा गएकी थिइन् । त्यसमा पनि रूपाजीको मुस्कान सहित कुरा गर्ने शैली देखेर झनै प्रभावित भएँ । त्यतिबेला स्वयंसेवकको आवेदन खुलेको थियो । त्यसैको लागि प्रितमले मलाई आफूसँगै ल्याइएकी रहिछन् ।

साथीले आवेदन भर्न भनेपछि धेरै चासो राखेर रूपाजीसँग थप कुरा बुझेर फर्किए । त्यसको भोली पल्ट म एक्लै कार्यालयमा गइ आवेदन फारम भरें र त्यही दिन वि.स.२०७५ माघ २१ गतेका दिन बास नेपालको साधारण सदस्यता पनि लिए । केहि दिन पछि भएको अर्न्तावार्ताबाट मेरो स्वयंसेवक पदमा नाम प्रकाशित भयो । त्यतिबेला कुनै सरकारी सेवामा नाम निस्किए जस्तै खुशी महुसुस भयो । यसरी साथिको माध्यमबाट बासमा आबद्ध भएपछि मेरो जीवनको नयाँ पाठशालाको सुरूवात भयो । त्यसपछि नयाँ स्वयंमसेवकहरूका लागि अभिमुखिकरण भयो । पहिलो दिन रूपाजीसँगको भेटमा अलि–अलि बासको बारेमा बुझेको भए पनि अभिमुखिकरणबाट थप प्रष्ट हुने अवसर मिल्यो । बासमा जोडिनु पुर्व स्वयंसेवकको वारेमा थाहा थिएन । गाउँघर, टोल छिमेकमा हुने स्वास्थ्य स्वयंसेविकालाई स्वयंसेवक भनिन्छ भन्ने मेरो साँघुरो बुझाई थियो । तर त्यो होइन रहेछ । स्वयंसेवक भनेको समाज र अरूको हितका लागि काम गर्ने आफैमा लिने महान प्रतिज्ञालाई स्वयंसेवक भनिन्छ, भन्ने कुरा जान्ने मौका पाएँ । यसरी बास संगको मेरो सम्बन्ध गाँसियो । बासले संचालन गर्ने साप्ताहिक कार्यक्रम इन्सपाईरिङ युथमा नियमित सहभागी हुने अवसर प्राप्त भयो । इन्सपाईरिङ युथका अतिरिक्त क्रियाकलापमा जानीनजनी सहभागि हुदै गर्दा धेरै पटक पटक पुरस्कृत पनि भए । यसरी विस्तारै–विस्तारै बाससँग नजिकको सम्बन्ध विस्तार हुदै गयो ।

बासमा आबद्ध भईसकेपछि धेरै भन्दा धेरै कार्यक्रम तथा भिन्न–भिन्न खालका तालिममा सहभागी हुने सुनौलो अवसरहरू पाएँ । बासले संचालन गर्ने बिभिन्न अभियानमा सहभागि हुने अवसर समेत प्राप्त भयो । जसले गर्दा मेरो क्षमता विकास हुनुका साथै आत्मबल बढ्दै गयो । सुरूसुरमा बोल्न मन लागे पनि दिल खोलेर बोल्न निकै गाह्रो हुन्थ्यो । अरूले बोलेको देख्दा म पनि त्यसैगरी बोल्न पाँए हुँन्थ्यो यसैगरी बोल्न सक्ने कहिले बन्ने होला जस्तो लाग्थ्यो । यदि बोली हाले पनि जुन कुरा बोल्न खोजेको हो, त्यो नबोलेर अर्कै बोलीन्थ्यो । डरको बाबजुद पनि बोल्ने प्रयास गर्दै जाँदा अहिले बोल्न सक्ने र आफ्नो विचार व्यक्त गर्न सक्ने भएकी छु । बासले एउटा विषयमा मात्र केन्द्रित नभइ समाजमा रहेका विद्यमान विभिन्न कु–संस्कार, विसङगति, अनियमितता र भ्रष्टाचार बिरूद्ध काम गर्दै आएको छ । म पनि बासको अभियानमा

आबद्ध हुन पाउँदा खुसी छु ।

कतिपय अभियानहरू सफल पार्न आफै पनि स्वयंसेवककोरूपमा काम गर्न पाउने सुनौलो अवसर प्राप्त गरे । बासले आपत विपतमा अग्रपङक्तिमा रहेर सामाजिक कार्य गर्दै आएको छ । बासले कसैलाइ पनि विभेद नगरी हरेक युवाहरूलाई ज्ञान तथा व्यवहारिक शिक्षा दिई आत्मानिर्भर बनाउन माझीको रूपमा काम गरिरहेको छ ।

बासमा स्वयंसेवकको रूपमा नयाँ अध्यायको सुरूवात गरे सँग-सँगै मैले संस्थाको विभिन्न कार्यक्रमहरू र गतिविधिमा संलग्न हुन पाएँ । बाल संरक्षण कार्यक्रम अन्तर्गत वालश्रमिकहरूको तथ्याङ्क संकलन गर्न नेपालगन्जका बिभिन्न वडाहरूमा जाने पहिलो अवसर पाएँ । बासले संचालन गर्ने विभिन्न सार्वजनिक सुनवाई, औपचारिक, आनौपचारिक कार्यक्रम, तथ्याङ्क संकलन, सुशासन, जवाफदेहिता, सुचनाको हक, कोरोना महामारीमा राहत वितरण, आगलागि पिडितहरूलाई कपडा वितरण, भष्टाचार विरूद्धका अभियानहरू, सामाजिक सद्भाव, सानो गरौँ राम्रो गरौँ अभियान, सरसफाई, बृक्षारोपण जस्ता क्रियाकलापमा सहभागी भएर अनुभव गर्ने अवसर प्राप्त भयो ।

संस्थाले सञ्चालन गरेका आधारभूत उद्घोषण, पत्रकारिता, नेतृत्व विकास, सार्वजनिक सुनवाई तथा सामाजिक परिक्षण सहजीकरण तालिम, बैठक व्यवस्थापन, माइन्यूट लेखन तालिम, तनाव व्यवस्थापन, सुचनाको हक, सुशासन लगायतका तालिमहरूमा सहभागि भइ व्यक्तित्व विकास, क्षमता अभिबृद्धि लगाएतका तालिमबाट सकारात्मक सोचको विकास हुनुका साथै समुह कार्य र सामूहिक भावना जस्ता विषयमा अझ बढी ज्ञान हासिल भयो । बास मेरो दोस्रो अभिभावक अर्थात तेस्रो पाठशाला बनेको छ । मैले घर, स्कुल र कलेजबाट सिक्न नसकेको व्यावहारिक शिक्षा, ज्ञान बासमा आएर लिन पाँएको छु । बासप्रति सधैँ ऋणी हुनेछु ।

स्वयंसेवक भएको सुरूका दिनहरूमा बोलाए पछि मात्रै कार्यालयमा जाने गर्थे । पछि बिस्तारै–विस्तारै कार्यालयमा जाँदै गर्दा अग्रज सरहरू, दिदीहरू र दाईहरूको सबैको हाँसिलो मुस्कान सहितको व्यबहारले म प्रभावित हुँदै गए र मनको लाज, डर हर ाउदै गयो । बिस्तारै मलाई एकदिन पनि कोठामा बस्नु पर्यो भने छट्पटि हुने र बासमा जान मन लाग्न थाल्यो । केही नकेहि नयाँ कुरा प्रत्येक दिन सिक्नुपर्छे र अग्रजहरूसँग  सम्बन्ध विस्तार गर्नुपर्छे भन्ने भावनाको बिकास हुँदै गयो । मलाई फुर्सद भएसम्म नियमित रूपमा बासको कार्यालयमा जाने र भेटघाट गर्ने मेरो दै निकी बन्यो । कसैले नबोलाए पनि आफ्नै स्व–इच्छाले बासमा जान थाले । बासमा आँउदा कहिल्यै पनि खाली बस्नु परेन यदि खाली भईहालेपनि पुस्ताकालयमा गएर आफूलाई मनपर्ने रोचक पुस्तकको अध्ययन

गर्न थाले । जसले गर्दा अझ बढी पढ्ने बानीको विकास हुदै गयो । यसरी कहिले पत्रिका मिलाउने, पत्रिकामा नाम लेख्ने, कहिले आगन्तुकको उपस्थिति गराउने, कहिले अग्रज सरहरू, दिदीहरू, दाईहरूसँग फिल्ड जाने काम हुन्थ्यो । पुस्तकालयमा रहेका नथिया, सुखी, ऐना, मनसुन, मोड जस्ता उपन्यास पढन पाएँ । त्यसैगरी विचार–क्रान्ति, योगमायाका बानीहरू सोध, खोज, हजार आशाहरू, मनछुने प्रश्न, सुशासन, खबरदारी, र सुशिला कार्कीको न्याय, लोकतन्त्र र निर्वाचन जस्ता पुस्तकको अध्ययन गर्न पाएँ ।

यसरी बासमा स्वयंसेवकको रूपमा कार्म गर्दा गर्दै बासद्वारा सञ्चालित आधारभूत पत्रकारिता तालिम लिएपछि नमस्कार शाह सर मार्फत दैनिक नेपालगन्ज पत्रिकामा बजार प्रतिनिधिको रूपमा काम गर्ने अवसर पाएँ । काम राम्रै संग चालिरहेको थियो तर विश्वमा फैलिएको कोभिड महामारीले गर्दा लकडाउन भएपछि २ महिना पछि काम छोड्नुपर्ने अवस्था आयो ।

त्यसपछि पुन बासमा स्वयंसेवकको रूपमा पुन काम गर्न थाले । बासले दिएको हरेक जिम्मेवारीहरू आफ्नो विवेक, बुद्धि, योग्यता र क्षमताले भ्याए सम्म ईमान्दारितापूर्वक पुरा गर्न थाले । मैले गरेको कामको मूल्याङ्कन गरी वि.सं. २०७६ साल जेष्ठ २२ गते सम्पन्न इन्सपाईरिङ युथको तेस्रो बार्षिको त्सव कार्यक्रममा उत्कृष्ट दश स्वयंसेवकको रूपमा मलाई संस्थाले सम्मान गरेको थियो । यसैगरी वि.सं. २०७७ साल मंसिर २४ गते बासको २० औं बार्षिकोत्सव तथा भष्टाचार विरूद्धको अर्न्तराष्ट्रिय दिवसको अवसरमा उत्कृष्ट स्वयंसेवकको रूपमा सम्मानित भए । त्यो क्षण म एकदमै खुसी भएको थिए । सम्मान पाउनलाई नभइ भित्रि हृदय देखि मन लागेर काम गरेको थिए मैले । कहिले कल्पना समेत नगरेको, सोच्दै नसोचेको, सम्मान मैले पाएँ । कार्यक्रममा सहभागि हुदाँ पनि मलाई थाहा थिएन् कि आज म सम्मानित हुदैछु भनेर । नमस्कार शाह सरले मन्चमा स्वयंसेवकहरू मध्ये उत्कृष्टलाई सम्मान गर्दैछौ भन्दा समेत मेरो नाम आँउछ भनेर सोचेकै थिएन् । तर एकै चोटि नमस्कार सरको मुखार विन्दुबाट आफ्नो नाम सुन्दा म अच्चमित भए । प्रमुख अतिथि राष्ट्रिय सुचना आयोगका पूर्व प्रमुख सुचना आयुक्त कृष्णहरी कृष्णहरि बास्कोटा लगायत अग्रजहरूको आर्शीबाद लिदै सम्मान ग्रहण गर्ने अवसर बासले दियो । यो अवसर का लागि बास परिवारप्रति धेरै आभारी छु । मेरो जिवनको सबै भन्दा सुखद पल सायद त्यो दिन थियो । जब म सम्मानित भए । मलाई बासले दिएको त्यो सम्मान मेरो जीवनको अविस्मरणिय क्षण हो ।

यो सम्मानले थप काम गर्न उत्साह दिएको छ । बासले जसरी मलाई सम्मान दियो त्यो सम्मानको मूल्य चुकाउनको लागि बासले गर्ने हरेक कार्यहरूमा अगामी दिनहरूमा

इमान्दरीपूर्वक मन र बचनले काम गर्नेछु । बासले दिएको सम्मान नै मेरो जीवनको लागि सबै भन्दा ठूलो उपलब्धी हो । हाल स्वयंसेवकको सह–संयोजक, रिडर्स क्लबको संयोजक र नाइस नेपालगंजको सहजकर्ताको रूपमा काम गारिहेकीछु । यसरी स्वयंसेवा गर्दै गर्दा मेरो जिम्मेवारी थापिदै गईरहेको छ जसले गर्दा आत्म विश्वासमा अभिबृद्धि, नेतृत्व र व्यक्तित्व विकासमा टेवा पुगेको छ । स्वयंसेवकको रूपमा कार्य गर्दा मलाई हरदम सहयोग र हौसला प्रदान गर्ने आदरणीय अग्रज सरहरू, दाईहरू, दिदीहरू र सम्पूर्ण बास परिवार प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

विगतका दिनहरूमा नेपालगन्जका गल्ली र सडकमा हिडिरहृदा विभिन्न ठाउँ–ठाउँमा पर्खालको भित्तामा लेखिएको नाराहरूले मनै छुने गर्थ्यो । बासले गरेको सामाजिक कार्यहरू देखेर मन लोभिन्थ्यो र मनमनै सोच्ने गर्थे कति राम्रो संस्था छ, समाजको हितका लागि सामाजिक कार्यहरू गरिरहेको छ भनेर । त्यही संस्थामा काम गर्न पाएकोमा सायद भविष्य बन्थ्यो भनेर कल्पना गर्थे । तर संस्था सम्म कसरी पुग्ने, संस्थामा कसरी सर्म्पक गर्ने, कुन माध्यमको प्रयोग गरेर संस्था सम्म पुग्ने, मसँग त्यस्तो कुनै आईडिया थिएन पछि प्रितम साथीको मध्यमबाट बासमा जोडिन पाए । आज त्यही कल्पना गरेको सोच पुरा गर्न पाउँदा खुशी लगेकोछ । करियरलाई सफल बनाउन र व्यावहारिक शिक्षा हासिल गर्न पाएकी छु । बाससँगको सहयात्रामा सामाजिक कार्यमा आफूलाई समर्पित गर्न पाएकोमा हृदय देखि नै खुशी छु र सधैं भरि सामाजिक क्षेत्रमा सेवा गर्न पाउने अभिलाशा रहेको छ । धन्यवाद ।

# बाससँगको सहयात्राबाट बदलियको मेरो जीवन

सुनिता अधिकारी

मलाई जागिरको एक्दमै खाँचो थियो जागिरको खोजिमा धेरै ठाउमा भौतारिरहेको थिए । जागिरको आशमा खाई खाली बसेको समयमा मेरो एक जना साथीले फोन गरेर साथीले मलाई बास बासमा ५० जना स्वयंम सेवकहरू माग गरेको कुरा जानकारी गराए । जुन कुरा २०७६ सालको हो । बासमा त्यो साथीको दाई आबद्ध रहेको कुरा समेत साथीले जानकारी गराए । त्यो विषयमा विस्तृतमा जानकारी पाउन्का लागि बासका केन्द्रीय महासचिव शिव कुमार बर्मा दाईलाई फोन गरेर सोधे । दाइले बासको कार्यालयमा गएर संस्थाका निर्देशक हेमराज भट्ट सरलाई भेट्न भन्नु भयो । सोहि अनुसार मैले बासको कार्यालयमा गएर सरलाई भेटे र केही समय संस्थाको बारेमा कुराकानी भयो ।

त्यस पछि मलाई थाहा भयो महत्वपूर्ण ठाउँमा पुगेछु भनेर । त्यतिबेला मलाई ढुङ्गा खोज्दा देउता मिले जस्तै भयो । जस्तो कामको खोजिमा म थिए त्यही किसिमको कामको लागि स्वयंसेवकको माग गरिएको कुरा जानकारी भयो । कुराकानीको क्रममा सरले मलाई स्वयंसेवक खोजेको र जो कर्मचारी सरह नभएको कुरा बताउनु भयो । स्वयंसेवा गर्ने मेरो पहिलेदेखिकै इच्छा थियो । मैले केही छैन सर म गर्छु मेरो सानै देखि समाज सेवा गर्ने इच्छा अनुसारको काम गर्ने उपयुक्त ठाउँ पाएको थिएन, यो मेरो लागि अवसर हुनेछ भने । सरको कुराले म सस्थाप्रति अझ बढी जानकार भए । मलाई पैंशा भन्दा पनि समाजमा रहेका कुरिती, कुसंस्कारको बिरूद्धमा काम गर्ने र आफुलाई यो समाजमा एउटा असल समाज सेवी बनाउने एक प्रतिष्ठीत व्यक्ति बनाउने हिसाबले नाम कमाउनु थियो । त्यही सोचका साथ मैले स्वयंम

सेवक पदमा आवेदन दिए । हेमराज सरले संस्थाको बारेमा मलाई अझ बढी जानकारी होस् भनी संस्थाका बिभिन्न प्रहाशनहरू दिनु भयो । त्यसको केही दिन पछि मलाई अन्तवार्ताको लागी बासको कार्यालयबाट फोन आयो । अन्तवार्ता दिएको केही दिन नबित्दै मलाई बासको कार्यलयबाट पुन फोन आयो र मलाई अर्न्तवातामा नाम निस्केको जानकारी सहित बधाइ दिनु भयो । त्यो सूचना पाएपछि म एकदमै खुसी भए । अन्तर्वार्ता दिने भरीमा सबै भन्दा बढी नम्बर मेरो नै आएको रहेछ भन्ने कुराले झँनै बढि हर्षित भए ।

मलाई २०७६ चैत्र ५ गते स्वयंसेवकको नियुक्ति पत्र लिनको लागी स्वस्तिक कटेजमा बोलाईयो । त्यहाँ नयाँ स्वयंसेवकहरूलाई अभिमुखीकरण कार्यक्रम पनि थियो । त्यो एक दिने अभिमुखीकरणबाट ममा संस्था र संस्थाले गर्ने कार्यहरूको बारेमा जानकारी लिने चाहाना अझैं बढी जागेर आयो । मैले नियुक्तिपत्र लिन जाने क्रममा बाटोमा मनभरी अनेकौ प्रश्नहरू उब्जीरहेका थिए । अब के गर्ने होला कसरी गर्ने होला मलाई दिइएको जिम्मेबारी पुरा गर्न सकिएला कि नाइ जस्ता कुराहरू खेलिरहेका थिए । एक दिने अभिमुखीकरण तालिमबाट के गर्ने कसरी गर्ने स्वयंसेवको काम कर्तब्य र अधिकारको वारेमा स्पष्ट भए । त्यसपछि मैले स्वयंम सेवकको रूपमा काम गर्न सुरू गरे । काम गर्दै जाँदा विभिन्न किसिमका क्रियाकलाप तथा गतिविधिहरूमा सहभागी भई काम गर्ने अवसर पाँए । बिशेष गरी सामाजिक जवाफदेहिता, सुशासन र भ्रष्टचार विरूद्धको अभियानमा काम गर्ने अवसर मिल्यो । बाल अधिकार तथा बाल संरक्षण सम्बन्धि सर्वेक्षण गर्न नेपालगन्ज उपमहानगरपालिकाको बिभिन्न वडाहरूमा घरदैलो कार्यक्रममा समेत मैले काम गरे । त्यो कार्यक्रमबाट मलाई धेरै ब्यक्तिहरूसँग भेटघाट र परिचित हुने अवसर प्राप्त भयो ।

स्वयंसेवकको रूपमा काम गर्दै जादा विभिन्न पालिकाहरूको सार्वजनिक सुनुवाई, विभन्न औपचारीक तथा अनौपचारीक कार्यक्रम, सुचनाको हक, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता क्रियाकलापहरूमा सहभागी भई बिभिन्न कुरा सिक्ने अवसर मिल्यो । काम गर्ने क्रममा बासबाट विभिन्न किसिमका क्षमता विकास, नेतृत्व विकास लगायतका बिभिन्न तालिम लिने मौका मैले पाएँ । उद्घघोषण, सकारात्मक सोच, नेतृत्व विकास प्रस्तावना तथा प्रतिवेदन लेखन, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण लगायतका तालिममा सहभागि भइ सिक्ने अवसर संस्थाले मलाई दिएको छ । मलाई यस्ता किसिमका तालिमबाट आफ्नो जिवन स्तर उकास्न र उज्जव लभविष्यको लागी ज्ञान सिप हासिल गर्ने अवसर प्राप्त भयो । योसँगै सामुहिक भावना, सामुहिक कार्य,

सामाजिक सदभाव जस्ता विषयहरूमा पनि धेरै कुराहरूको ज्ञान हासिल भयो । बासको आयोजनामा हुने प्रत्येक कार्यक्रममा म सक्रिय रूपमा सहभागी हुदै गए र मलाई दिइएको हरेक जिम्मेवारी इमान्दारिताका साथ पुरा गर्दै गए । मैले धरै संघ संस्था तथा समाजका अग्रज व्यत्तित्वहरूलाई नजिकबाट चिन्ने मौका पाँए । मैले कल्पाना पनि गरेको थिएन म यति छोटो समयमा यसरी परिचित हुनछु र सबैसँग सुमधुर सम्बन्ध विस्तार हुन्छ भनेर । सुरूका दिनमा बासबाट केही पाउने आशा नभएरकेही सिक्ने र समाजका लागि केही गर्ने सोचका साथ आबद्ध भएको थिए । तर बासले मेरो जिवनमा एउटा छुट्टै किसिमको सुनौले लहर ल्याई दिएको छ । बासमा आबद्ध भएपछि आफुमा धेरै परिवर्तन आएको छु । अग्रज व्यक्तित्वहरू भएको ठाउँमा गएर मनमा लागेका जिज्ञासा र विचारहरू राख्न नसक्ने धेरै जना भएको ठाउँमा गएर बोल्न नसक्ने म अहिले हज्जारौ जनाको भिडमा निर्धक्कसाथ बोल्न सक्ने भएकी छु ।

म स्वयंसेवक भएर काम गर्ने क्रममा नेपालगन्ज उप–महानगरपालिकाको वाडा नं. ६ मा बासको इकाई कमिटि गठन भयो जुन समितिको अध्यक्ष हुने मौका पाए मैले । मेरो जिम्मेवारी अझ बढेको महसुश गरे मैले । त्यसपछि अझ बढी लगनशिल र अनुशासित भएर काम गर्न थाले । मेरो सक्रियताकै कारणले बाँके शाखाको अधिवेशनबाट म सहसचिव पदमा निविरोध रूपमा निर्वाचित भए । मेरो इमानदारिता र काम प्रतिको लगनशिलताकै कारण २०७७ माघ महिना देखि बासको पहलमा मैले भुमि सुधार तथा मालपोतकार्यालयमा करार कर्मचारीको रूपमा काम गर्ने अवसर पाएको छु । यो मेरो लागी सौभाग्यको थियो । भुमि सुधार तथा मालपोप कार्यालयमा कार्यरत भएता पनी मैले समय निकालेर बासले आयोजना गरको प्रत्येक कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी हुदै आएकी छु । अहिले पनि बासको स्वयंमसेवक भन्न रूचाउँछु । बास मेरो मन मस्तिष्कमा सदैव रहिरहने छ । म बास प्रति एकदमै आभारी छु । अगामी दिनहरूमा मैले बासलाई गर्ने माया र बासले मलाई गर्ने माया कहिले कमी आउने छैन बढदै जानेछ भन्ने विश्वास राखेकी छु । बासलाई धन्यवाद दिने मसँग कुनै शब्द नै छैन । आउदा दिनहरूमा पनि बाससँगै रहेर कागर्ने चाहाना छ ।

# बासमा लागेपछि बद्लिएको मेरो जीवन

तारा रिजाल
नेपालगंज–१, धम्बोझी

मेरो जन्म बर्दिया जिल्लाको ठाकुरबाबा गाउँपालिकाको ठाकुरद्वारा गाउँमा भएको हो । १२ कक्षा सम्मका अध्ययन पुरा गरेर स्नातक तहको अध्ययनका लागि म नेपालगन्ज आएँ । नेपालगन्ज बस्न थालेपछि अध्ययनसँगै नयाँ जीवनको खोजीमा थिए म । मान्छेको जीवनमा अनेक खालका आवश्कता र चाहानाहरू बढ्दै जान्छन् । मेरो मनमा पनि अनेक खालका इच्छा आकाँक्षाहरू थिए । मसँगै एउटै घरमा बस्ने एकजना विजया वाग्ले दिदीले मलाई स्नातक तह अध्ययन नगरी भेरी प्राविधिक शिक्षालयमा सेक्रेटरियल पढ्ने सुझाव दिनु भयो । सेक्रेटरियल पढेपछी छिटै नौकरी पाइन्छ भन्नु भयो । उहाँले सेक्रेटरियल पढेर आइएनएफमा जागिर पाएको कुरा सुनाउनु भयो । त्यसपछि मैले स्नातक तहको अध्ययन गर्न छोडेर सेक्रेटरियल अध्ययनको लागि भेरी प्राविधिक शिक्षालयमा नाम लेखाए ।

१५ महिनाको पढाइ सकिएपछि ओजेटीको लागि मलाई कले जका सरहरूले बेसको कार्यालयमा पठाउनु भयो । ६ महिनाको ओजेटीकाको लागि आएपनि मैले बेसमा १ वर्ष भन्दा बढी काम सिक्ने मौका पाए ।

त्यसपछि मेरो कलेजको शिक्षक पारस खड्का सरको चीनजानबाट

मैले नेपालगन्ज न्यूरोडमा रहेको इन्डियन कम्पनी Shivashakthi Bio Plantteec Private Limited मा काम गर्न थाले । सुरूमा (FOC) Front Office Executive पदमा नियुक्त भएपनि बिस्तारै Executive Accountant मा पनि काम गर्न थाले । काम गर्न थालेको करिव ३ वर्ष भन्दा बढी भैसकेको थियो । त्यो संस्थामा काम गरेको २ वर्ष पुगेपछि सरूवा गर्ने नियम थियो । मैले अनुरोध गरेर ३ वर्ष भन्दा बढी सो कार्यालयमा काम गर्ने मौका पाएँ ।
बिस्तारै त्यो संस्थाको नेपालमा कारोवार कम भएकाले मेरो सरूवा भारतको सिलगुडी भन्ने ठाउँमा भयो । त्यहाँ जान सम्भव नभएकाले र भारतमा त्यती बेला कोरोना ब्यापक रूपमा फैलिएकाले मैले त्यो संस्थाबाट राजिनामा दिएर खाली बसें । मलाई नौकरीको आवश्यकता भइरहेको थियो । नौकरीको खोजिमा विभिन्न पत्र पत्रिका हेर्ने र विभिन्न व्यक्तिहरूसँग सोधपुछ गरीरहन्थे । एकदिन आइपी खरेल अंकलसँग जागिर खोजिदिन अनुरोध गरे, अंकलले चिन्ता नगर कतै कुरा गरौंला भन्नु भयो ।

केही दिन पछि अंकलले फोन गरेर बास नेपालका कार्यकारी निर्देशक नमस्कार शाह सरको फोन नम्बर दिनु भयो र मलाई बासको कार्यालयमा जान आग्रह गर्नु भयो । मैले नमस्कार सरलाइ फोन गरें र आफ्नो परिचय दिदै मलाई आइपी खरेल अंकलले नम्बर दिनु भएको कुरा जानकारी गराए । सरले मलाई मेरो कागजजातहरू लिएर कार्यालयमा आउन भन्नु भयो र म त्यहि दिन बासमा पुगे । बासको कार्यालयमा पुगेपछि नमस्कार सर ब्यस्त भएकाले म एकछीन बसीरहे मलाई मनमा डर लागि रहेको थियो के हुने हो कस्तो हुने हो भन्ने कुराको । त्यतिकैमा सरले मलाई मेरो बारेमा सोध्नु भयो र आफ्नो कुराहरूसंगै संस्थाको बारेमा पनि धेरै कुरा जानकारी गराउनु भयो । मेरो कागजजातहरू हेरेर राख्नु भयो । मैले गर्नु पर्ने कामहरूको बारेमा पनि मलाई सम्झाउनु भयो । नेपालगन्ज जमुनाहा नाकामा नागरिक सहायता कक्षमा मैले सहजकर्ताको रूपमा काम गर्नँ पर्ने थियो । नागरिक सहायता कक्षको उद्घाटन भएको थिएन । एक-दुई दिनमा उद्घाटन हुने कुरा चलिरहेको थियो । सरले मलाई सबै विषयमा जानकारी गराएर भन्नु भयो तलब त्यती धेरै हुदैन काम गर्न सक्नुहुन्छ ? भनेर सोध्नु भयो । मैले सरलाई म सोचेर भन्छु भनेर घर फर्किएँ ।

त्यति बेला कोरोनाको व्यापक महामारी थियो । त्यसैले होला घरबाट मलाई काम गर्न अनुमती थिएन । तैपनि मलाई काम गर्ने ठुलो इच्छा र बाध्यता पनि थियो । मलाई पैसा भन्दा पनि काम चाहिएको थियो । मैले अर्को दिन बिहानै सरलाई फोन गरेर

बासको कार्यालयमा गएँ । सरले मलाई मैले गर्नु पर्ने कामको बारेमा राम्रोसँग जानकारी गराउनु भयो २०७७ कार्तिक ३ गते नागरिक सहायता कक्षको उद्‌घाटन कार्यक्रम थियो । म पनि उद्‌घाटन कार्यक्रममा गएँ । त्यही दिनदेखि सुरू भयो मेरो काम । उद्‌घाटन समारोह पछि सरहरू फर्किनु भयो म आफ्नो कामममा लागे । सुरू सुरूमा मलाई लागेको थियो संस्थाले दिएको जिम्मेवारी मैले पुरा गर्न सक्छु कि सक्दैन भनेर । काम गर्दै जाँदा सिक्दै गएँ, नजानेको कुरा सरहरूलाई सोध्ने गर्थे । सरहरूले राम्ररी सिकाउनु हुन्थ्यो । काम गर्ने ठाउँमा विभिन्न किसिमका व्यक्तिहरूसँग चिनजान भयो र धेरै व्यक्तिहरूलाई सहयोग पनि गरेँ । जमुनाहा नाकामा मानिसहरूको निकै भिडभाड हुने भएकाले सरहरूले मेरो सहायताको लागि अरू कर्मचारीलाई पठाई दिनु हुन्थो । कोरोनाको धेरै डर, लकडाउन भएको समयमा त्यसैमा पनि नाका बन्द थियो । भारतबाट आउने र भारत जाने मान्छेको भिड लाग्ने गर्थ्यो । त्यो भिड देख्दा मलाई त्यस्तो ठाउँमा काम गर्न सक्दैन जस्तो लाग्थ्यो । एकातिर कोरोनाको डर अर्को तिर गरिबीको कारणले पेट पाल्नलाई रित्ता झोला बोकी प्रत्येक दिन भारत तर्फ पलायन हुने युवा, वृद्ध तथा महिला बालबालिकालाई देख्दा लाग्थ्यो रोग भन्दा मान्छेको भोक ठुलो रहेछ । एक छाक खान र एक सरो लगाउनका लागि बिदेश पलायन हुने ति मनहरूलाई यथार्थ बोध गराउदै लगभग १ सय दिन जमुनाहा नाकामा बिताए ।

त्यो बेला लगभग १ किलो मिटर लामो लाईन लागेर भारततर्फ जाने ति मान्छेहरूको पीडा सुन्दा दुःख लाग्थ्यो, त्यो बेला उनीहरूलाई सहयोग गरेको क्षण मानसपटलमा आइरहन्छ ।

त्यो बेला चेलीबेटी बेचबिखन, ओसार पसार तथा विभिन्न क्रियाकलापमा संलग्न गराउने तुच्छ उद्देश्यका साथ आएका ब्यक्तिहरूबाट बचाउन माइती नेपाललाई खवर गरेर न्याय गरे जस्तो लाग्छ । औषधी उपचार गराउन तथा बैवाहिक कार्यक्रम र अत्यावश्यक कामका लागि जाने पर्ने ब्यक्तिहरूलाई सहयोग गर्ने अवसर मलाई बासले दियो । त्यो क्रममा मलाई धेरै कुराको वारेमा सिकाइ भयो । सोही समयमा सयौं लागु औषध ओसार पसार तथा सेवन गर्ने दुर्व्यशनीहरूलाई उचित सल्लाह दिएर गरेको मेरो सहयोग सम्बन्धित व्यक्तिहरूको आर्शिवाद बन्न पुग्यो । खुल्ला सिमानाको उचित फाईदा लुटे का ती दलाल ठग तथा तस्करको नजरमा आँखाको कसिङ्गर बनेर भएपनि केही राज्यको राजश्व छली गर्ने गिरोहलाई ब्यवस्थापन गरी राजश्व असुलमा मद्धत पुऱ्याएकोमा मलाई गर्ब लाग्छ ।

नाका वारपार गर्दा नेपाली दाजुभाई दिदीबहिनीहरूबाट अनावश्यक रकम असुली गरी हजारौ लुट्न पल्केकाहरूको जालो

टुटाई सहज वातावरण सृजना गर्न सेवा गर्ने मौका पाउँदा बास संस्था प्रति आभार व्यक्त गर्दछु । जस्तो अवस्थामा भए पनि बासले दिएको तालिम तथा कार्यक्रममा सहभागी जनाउदाँ धेरै विषयमा ज्ञान हासिल हुनुका साथै आत्म सम्मानित भए जस्तो लाग्छ । ठुला ठुला सम्मानित व्यक्तिहरूसँग परिचित हुने मौका बासबाटै पाएँ । बासमा आबद्ध हुनु पहिले व्यक्तित्व विकासको कुनै ज्ञान थिएन । जब देखि यस संस्थामा आबद्ध भए तब देखि वृद्ध वृद्धा तथा बालबालिका असहाय, अपाङ्गता भएका ब्यक्तिहरू प्रतिको व्यवहार उनीहरूलाई परेको अप्ठ्यारो थिचो मिचो तथा उनीहरूको आत्म सम्मानको लागि गर्नुपर्ने दायित्वको वारेमा मलाई बासले नै सिकायो ।

बासमा आबद्ध भईसकेपछि मैले धेरै कार्यक्रममा सहभागी हुने मौका पाएँ । साप्ताहिक रूपमा संचालन हुने इन्स्पाइरिङ युथ कार्यक्रममा नियमित रूपमा सहभागि हुन थालें । जानकारी पाए सम्म अन्य कार्यक्रमहरूमा पनि सहभागी हुन्थे जस्ले गर्दा मैले बाससँग अझै नजिक अवसर दिलायो । जसले गर्दा मेरो आत्मबल निकै बढेको छ । अझै पनि मैले बासबाट सिक्नु पर्ने धेरै कुराहरू बाँकी नै छ । सहजकर्ताको रूपमा काम गर्ने क्रममा यस संस्थाबाट उद्घोषण तालिम, सकरात्मक सोच, प्रतिवेदन लेखन लगायतका तालिम लिने अवसर पाए । मलाई यस संस्थाबाट आफ्नो जीवनस्तर उकास्न उज्वल भविष्यको लागि धेरै सिपहरू हासिल गर्ने र व्यक्तित्व विकास गर्ने अवसर प्राप्त भयो । अबका दिनहरू अझैं केही सिक्ने र समाजमा रहेका विसंगती, बिकृतीका बिरूद्ध वकालत गर्ने र समाजमा आफ्नो छुट्टै पहिचान बनाउने ठुलो चाहना छ । मैले यस संस्थामा धेरै समय काम गर्न नपाए पनि मैले ३ महिनामा धेरै कुरा सिक्ने अवसर पाएँ अझै पनि धेरै कुरा सिक्ने चाहना छ । अहिले म भुमिसुधार तथा मालपोत कार्यालय नेपालगन्जमा रहेको नागरिक सहायता कक्षमा काम गर्दै नयाँ अनुभवहरू बटुली रहेकीछु । म अहिले जहाँ छु सायद मेरो इमानदारीता र काम प्रतिको लगनसिलताको कारण होला म २०७७ माघ महिनामा भूमि सुधार तथा मालपोत कार्यालय नेपालगन्जमा करार कर्मचारीको रूपमा नियुक्त भए । यो मेरो लागि धेरै ठुलो अवसर हो ।

अहिले म भूमि सुधार तथा मालपोत कार्यालय बाँकेमा कार्यरत भएपनि समय निकालेर बासले आयोजना गरेको वा बासद्वारा संचालित प्रत्येक कार्यक्रमहरूमा संक्रिय रूपमा सहभागी हुदै आएको छु । अबका दिनहरूमा पनि मैले बासलाई यसै गरी माया र साथ दिने छु । म बासलाई कसरी धन्यवाद व्यक्त गरौ मसँग त्यो कुन शब्दनै छैन आउदाँ दिनहरूमा बाससँगै रहेर काम गर्ने इच्छा छ ।

# नेतृत्व विकास भएको छ

सरिताबि.क.
नेपागञ्ज १० बाँके

“बस्दा बस्दैको घर छोड्नुपर्ने
लेख्दा लेख्दैको थर छोड्नुपर्ने
अनि एक दिन यो संसार नै छोड्नुपर्ने”

मेरो जन्म दैलेखको भगवतिमाई गाउँपालिका वडा नं.३ मा भएता पनि कर्म थलो भने बाँके जिल्लाको नेपालगन्ज भएको छ । कुरा २०७७ सालको कुरा हो कक्षा ११ मा पढदै गर्दा मलाई धम्बोझी माध्यामिक विद्यालयले ३ महिने इर्न्टनसिपको लागि बासमा पठायो सोही बमोजिम २०७७ असार ७ गते देखि बासमा इर्न्टनसिपका रूपमा काम गर्न सुरू गरे मैले । त्यस बेला कोरोनाको महामारी चलिरहेको थियो । मैले पनि अरू कर्मचारीहरूसँगै आफु सुरक्षित हुदै काम गर्ने अवसर पाए ।

सुरूको दिन कार्यालयमा जादाँ मलाई नयाँ अनुभभुति भएको थियो । बिहाना १० बजे कार्यालयमा पुगेपछि राष्ट्रिय गानसँगै बिहानी बैठक सुरूवात भयो । बिहानी बैठकमा बस्न पाउँदा एकदमै खुसी भएँ । बिहानी बैठकमा सबैले आफुले अघिल्लो दिन गरेको कामको वारेमा जानकारी गराउने र त्यस दिनको यो जना सुनाउने काम हुँदो रहेछ । मैले आफ्नो परिचय दिए र आगामी दिनमा यसरी नै सहभागी हुने कुरा बताएँ । बासको त्यो वातावरण र कर्मचारीहरूको ब्यबहार देखेर मलाई एकदमै खुसी लागेको थियो । पहिलो दिन मैले सबै जनासँग परिचयसँगै मैले गर्नु पर्ने कामको बारेमा जानकारी पाएँ । मैले कम्प्युटरमा टाइप गर्ने काम गर्ने अवसर पाएको थिएँ । मेरो अध्ययनरत विषय नै

कम्प्युटर इन्जिनियरिङ्ग थियो । त्यसैले पनि मैले कम्प्युटरमा काम गर्न पाउँदा काम गर्न सहज भयो ।

बासमा नयाँ जोस, जाँगर र उर्जाका साथ नयाँ दिनको सुरूवात हुन्छ, । हरेक दिन राष्ट्रिय गानसँगै सुरूवात हुने बिहानी बैठकले आफुलाई एक किसिमको उर्जा प्रदान गर्दथ्यो । बिहानी बैठकमा आफुले अघिल्लो दिन गरेको कामको वारेमा अनुभव भन्न पाउँदा म एकदमै खुसी हुन्थे । केही नयाँ कुरा सिक्ने अवसर पाएको मसहुस हुन्थ्यो । यस क्रममा जुनसुकै काम गर्दा पनि आत्मविश्वास, प्रतिबद्धता, लगनशीलता र नियमितता आवश्यक हुँदो रहेछ भन्ने कुराको सिकाइ भयो । विस्तारै मैले बासको साधारण सदस्यता लिनुका साथै स्वयंमसेबकको रूपमा काम गर्न थाले । त्यसपछि मेरो बहिनी र साथीहरूलाई समेत बासमा आबद्ध गराएँ । बासमा काम गर्दा हरेक दिन नयाँ कुराको सिकाइ भयो । काम गर्ने क्रममा मेरो नेतृत्व र व्यक्तिव विकास हुनका साथै काम गर्ने आत्म विश्वास पनि बढयो । बासमा काम गर्ने क्रममा विभिन्न सरकारी कार्यालयसँग परिचित हुने मौका पाएँ । बिभिन्न क्षेत्रका ब्यक्तित्वहरूसँग परिचय भयो ।

बासले आयोजना गर्ने हरेक कार्यक्रम तथा तालिमहरूमा सहभागिहुने अवसर पनि मलाई मिल्यो । बिभिन्न क्षेत्र र विषयको वारेमा ज्ञान हासिल भयो । मैले दाई, दीदी र सरहरूसँग मिलेर समुहमा काम गर्ने अवसर पाएको छु । मेरो ३ महिनाको इर्न्टनको समय सकियपछि २ महिनाको लागि नेपालगन्ज जमुनाहा नाकामा नागरिक सहायता कक्षमा काम गर्ने अवसर मलाई बासले दियो । २ महिना नागरिक सहायता कक्षमा काम गर्दा अर्झै धेरै अनुभव गर्ने र ब्यक्तित्व विकास गर्ने मौका पाएँ । बासमा काम गर्ने क्रममा सेवाग्राही सन्तुष्टी अध्ययन गर्न विभिन्न सरकारी कार्यालयमा जादाँ आफनो समुहको नेतृत्व गर्ने अवसर पाएँ । समुहमा काम गर्दा समुहमा काम गर्ने बानीको बिकास हुनुका साथै मिलेर काम गरेपछि आत्मीयता बढ्दो रहेछ भन्ने कुराको सिकाइ भयो । छोटा समयमा मैले बासबाट धेरै अवसरहरू पाएँ । म अहिले पनि बासमा स्वयमसेवकको रूपमा काम गर्दै आएको छु । बासले हरेक शुक्रबार सञ्चालन गर्दै आएको इन्स्पाइरिङ्ग युथ कार्यक्रममा नियमित सहभागि हुँने धेरै ब्यक्तित्वहरूबाट धेरै कुरा सिक्ने अवसर प्राप्त भएको छ । बासमा काम गर्ने अवसर पाएपछि मैले छोटो समयमा धेरै कुरा सिक्ने ज्ञान हासिल गर्ने बमैका पाएको छु । यो अवसरका लागि बास प्रति म एकदमै आभारी छु आउने दिनहरूमा म बाससंगै हुनेछु ।

# छोटो समयमा धेरै सिकाई

उमा चौधरी

म आफनो अध्ययनको सिलसिलामा बिगत २ बर्ष देखि नेपालगन्जमा बस्दै आएकी थिए । मैले भेरी प्राविधिक शिक्षलयमा १८ महिने कोर्ष Computer application and Secretarial management ट्रेड अध्ययन गरिरहेकी थिए । १ बर्षको सैद्धन्तिक कोर्ष सकिएपछि ६ महिना ओजेटी गर्नु पर्ने थियो । ओजेटी गर्नलाई कहाँ जाने भनेर सोचिरहेकी थिए । मसंगै कोठामा बस्ने साथी पदमाकला थापालाई आजेटी गर्न कहाँ जाने होला भनेर सल्लाह मागे । साथीले बासमा गर्दा हुन्छ भनेर सल्लाह दिइन् । त्यस अधि मैले बासको नाम समेत सुनेको थिएन । मेरो बच्चा देखिको साथि पदमाकला थापाले बासको बारेमा जानकारी गराईन् र आफुले पनि त्यहा ओजेटी गरेर अहिले कर्मचारीको रूपमा काम गर्दै आएको बताईन् ।

बासले गर्ने काम र सबै विषयमा साथि पदमाकला थापा मार्फत थाहा पाएपछि म पनि बासमा स्वयंसेवकको रूपमा आबद्ध भएँ । संस्थामा आबद्ध भएपछि अब के काम गर्ने कसरी गर्ने होला भनी मनमा कुरा खेलि रहेका थिए । जब म सुरूको दिन बासको कार्यालयमा पुगे सरहरूसँग केही  समय बसे पछि हाम्रो परिचय भयो । त्यसदिन बासको बारेमा अझै बढी बुझ्ने मौका मिल्यो । बासको मुख्य उद्देश्य भनेको भ्रष्टाचार बिरूद्ध कार्य गर्ने रहेछ भन्ने मलाइ थाहा भयो । साथै विभिन्न किसिमका

अभियान तथा कार्यक्रमहरू बासले गर्छ भन्ने जानकारी प्राप्त भयो । स्वयंसेवकको रूपमा काम गरिरहेको समयमा मेरो १ वर्षको कोर्ष सकिएर ओजेटी गर्नु पर्ने भएकाले मैले बासलाई रोजें । बासमा २०७७ चैत्र १ गते देखि मैले ओजेटी सुरू गरे । खालि बस्नु भन्दा केही सिक्छु भनेर पहिले देखि नै बासमा जान थालेको थिए । त्यसैले पनि मलाई ओजेटीको क्रममा अझ सजिलो भयो ।

त्यसै बिचमा बासको एक जना कर्मचारी दिदिको जन्मदिन मनाउने कार्यक्रम थियो । सो कार्यक्रममा बासका कर्मचारी तथा कार्यसमितिका पदाधिकारीहरू पनि आउनु भएको थियो । सबै जनाले टिका लगाएर जन्मदिनको शुभकामना दिनु भयो । त्यसपछि मेरो पालो आयो म लाज मानेर बसिरहेको थिए । नमस्कार शाहसरले उमाले सबैलाइ आफनो परिचय दिनु भन्नु भयो म डराएर के बोल्ने, कसरी बोल्ने भनेर पसिना छुटि सकेको थियो । जसो तसो गरी परिचय दिए त्यो पनि मेरो लागि सिकाई बन्यो । काम गर्दै जाँदा केही दिन पछि आफुमा धेरै परिवर्तन भएको जस्तो महसुश भयो । काम गर्दै जाँदा बिशिष्ट व्यक्तिहरूसँग परिचित हुने मौका समेत मिल्यो । आफुले कितावमा पढेको विषय कार्यालयमा गएर प्रत्यक्ष रूपमा काम गर्ने, अनुभव हाँसिल गर्ने मौका मिल्यो । शिक्षालयमा १ वर्षमा नसिकेका कुराहरू बासमा १ महिना १० दिनमा सिके । बासले गर्ने उत्प्रेरणा दिने खालको थुप्रै कार्यक्रम तथा तालिमहरूमा सहभागी भई आफुलाई धेरै कुराको ज्ञान हासिल गरेको महसुस गरेकी छु । म बासमा आउनु भन्दा पहिलाका दिनहरू सम्झिन्छु सायद म भेरी प्राविधिक शिक्षालयबाट पढेर बासमा आउन नपाएको भए मलाई यति कुराको सिकाइ हुने थिएन होला । बासमा आएको छोटो समयमा धेरै कुराहरू सिक्ने र अनुभव गर्ने अवसर पाएको छु । बासबाट अझैं धेरै कुरा सिक्न र अनुभव गर्न बाँकी छ सिकि रहने छु अनुभव बटुरहने छु ।

# एक वर्षमा नसिकेको काम एक महिनामा सिकियो

आश्ना थारू

मेरो जन्म बर्दिया जिल्लाको बाँसगढी नगरपालिका २ बेलवा गाउँमा भएको हो । मेरो जन्म सामान्य परिवारमा भएको हो । मेरो बाल्यकाल गाउँमै सामान्य तरिकाले बित्यो । म पढाईमा धेरै अवल नभएपनि ठिकै थिएँ । मेरो विद्यार्थी जीवन अगाडी बढ्दै गयो । २०७३ सालमा १५ बर्षको उमेरमा मैले एस.ई.ई. पास गरेपछि उच्च शिक्षा अधययनको खोजीमा थिए र अव के पढ्ने भन्ने विषयमा योजना बनाइरहेकी थिएँ ।

ठूलो बुवाको छोरी मेरो दिदि नेपालगन्ज बस्नु हन्थ्यो । दिदिले मलाइ भेरी प्राबिधिक शिक्षालयमा सेक्रेटरियल बिषय पढ्ने सल्लाह दिनु भयो, सेक्रेटरियल विषयमा बुझ्दा मलाई पनि राम्रो लाग्यो र मैले सेक्रेटरियल पढ्ने सोच बनाए । सेक्रेटरियल बिषय १८ महिने कोर्ष थियो । १ बर्ष कलेजमा पढ्ने र ६ महिना ओजेटी गर्नुपर्ने थियो । त्यति बेला मलाई कम्प्युटर चलाउन आउँदैनथ्यो त्यस पछि म बेसिक कम्प्युटर कोर्ष सिक्न बास संस्थामा गए । रबिन्द्र बोहरा सरले हामीलाई एकदमै राम्रो तरिकाले कम्प्युटर सिकाउनु भयो । त्यसपछि मलाई एकदमै खुसी लाग्यो ।

कम्प्युटर सिक्दै जाने क्रममा मेरो कलेजको १ वर्षको कोर्ष भयो कोर्ष पुरा गरिसकेपछि ओजेटिको लागि म लगायत साथिहरू बासमा जाने जानकारी कलेजले दियो ।

कम्प्युटर पढ्न पनि बासमै जानुपर्ने भएकाले मलाई बासको बारेमा धेरै नभएपनि केही जानकारी थियो । साथिले बासको बारे मा जानकारी गराईन् । बासले गर्ने काम र बासको उद्देश्यबारे जानकारी पाएपछि हामी शिक्षालयको पत्र लिएर बासमा गयौँ र बासमा २०७७ चैत्र १ देखि ओजेटी गर्न शुरू भयो ।

बासले भ्रष्टाचार विरूद्ध स्थानीय सरोकारवालासँग मिलेर बिभिन्न अभियान तथा कार्यक्रम गर्ने कुरा जानकारी भयो । २०७७ चैत्र १ गतेदेखि मैले बासमा ओजेटी गर्न सुरू गरेँ । काम गर्न सुरू गरेको केही दिनमा नै आफुमा केहि परिवर्तन भएको जस्तो महसुस भयो । सो क्रममा बिशिष्ट व्यक्तिहरूसँग परिचय हुने मौका समेत मिल्यो ।

बासका सबै कर्मचारीहरू मिलनसार तरिकाले राम्रोसँग नरिसाएर काम सिकाउनु हुन्थ्यो । एक बर्ष सम्म अध्ययन गरेर भेरी प्राबिधिक शिक्षालयमा सिक्न नसकेको कुरा बासमा आएपधि १ महिनामा सिक्न सफल भएँ । बासको आयोजनामा हुने युवाहरूलाई उत्प्रेरणा दिने खालका थुप्रै कार्यक्रम तथा तालिमहरूमा सहभागि भई धेरै कुराको ज्ञान हासिल गर्ने अवसर मैले पाएँ । जसबाट आफुमा धेरै परिवर्तन आएको महसुस गरेकी छु । सुरूका दिनहरूमा बैंकमा पैसा समेत जम्मा गर्न नआउने र बैंकमा जानुपर्दा डर लाडेर आउँथ्यो । विस्तारै काम गर्दै सिक्दै जाँदा आजभोली बोल्न सक्ने र बाहिर गएर काम गर्न सक्ने भएकी छु । अरूसँग बोल्न डर मान्ने र राम्रोसँग बोल्न नसक्ने मान्छे सबैसँग बोल्न सक्ने भएकि छु । बासका सबै कर्मचारीहरूको सहयोगले गर्दा मेरो क्षमता विकास भएको छ । नयाँ सिकाइ भएको छ । भेरी प्राबिधिक शिक्षालयमा पढेर ओजेटीको लागि बासमा नआई अरू कुनै संस्थामा गएको भए सायद मैले यति धेरै कुरा सिक्ने अवसर प्राप्त गर्न पाउँथेन होला । अहिले म मा आत्म विश्वास बढेको छ, आफुमा परिपक्कता आएको महशुस गरेको छु । बासमा काम गर्न थालेको धेरै समय भएको छैन । बासमा काम गरेर अझैं धेरै कुरा सिक्न बाँकी नै छ । बाससँगको मेरो नाता सधैंभरी रहिरहने विश्वास छ ।